# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ३० पूर्णाङ्क २६८ | २०७८ माघ १० गते सोमबार | Monday, 24 Jan., 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## क्रान्तिकारी पत्रकार महासंघ अर्घाखाँचीको संयोजकमा दिपेन्द्र सुनार



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ अर्घाखाँचीमा दिपेन्द्र सुनारअर्घाखाँची । जनपक्षीय पत्रकारहरूको साझा संगठन क्रान्तिकारी पत्रकार महासंघको अर्घाखाची जिल्ला समिति गठन गरिएको छ । मालारानी गाउपालिका - ६ मा आयोजना गरिएको जिल्ला भेलाले दिपेन्द्र सुनारको संयोजकत्वमा ५ सदस्यीय जिल्ला समिति गठन भएको हो ।

समिति सदस्यहरूमा भगवता अधिकारी, दिपक थापा, अनिता झाक्री मगर, निर्मला खनाल र केशब खनाल *बाँकी ७ पेजमा*

# देउवा सरकारको असफलताका फेहरिस्त



काठमाडौं । देउवा सरकार गठन भएको ६ महिना बढी भइसकेको छ । विगतको ओली सरकारलाई असफल भन्ने देउवा सरकार झन् असफल बनेको तथ्यांकहरूले देखाएका छन् ।

चालु आर्थिक वर्षको पहिलो छ महिनामा नौ खर्ब ९९ अर्ब ३४ करोड रूपैयाँ बराबरको वस्तु आयात हुँदा नेपालले एक खर्ब १८ अर्ब ८५ करोडको मात्र निर्यात गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा छ खर्ब ६१ अर्ब २४ करोडको आयात हुँदा नेपालले ६० अर्ब ७९ करोडको निर्यात गरेको थियो । आयात धेरै बढेको हुँदा व्यापार घाटा चुलिँदै गएको छ ।

चालु आर्थिक वर्षको पहिलो छ महिनामा व्यापार घाटा ४६ दशमलव ६४ प्रतिशतले बढेर आठ खर्ब ८० अर्ब ४९ करोड १७ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा छ खर्ब ४४ करोड ६१ लाखको व्यापार घाटा भएको थियो । यसैगरी चालु आर्थिक वर्षको पहिलो छ महिनामा मुलुकको वैदेशिक व्यापार ११ खर्ब १८ अर्ब १९ करोड ३६ लाखको भएको छ । गत वर्षको सोही अवधिमा मुलुकको वैदेशिक व्यापार सात खर्ब २२ अर्ब ४५ करोडको भएको थियो । यो गत वर्षको सोही अवधिको तुलनामा ५४ दशमलव ८६ प्रतिशतले बढी हो ।

चालु आवको पहिलो छ महिनामा नेपालमा १४१ देशबाट नौ खर्ब ९९ अर्ब ३४ करोड २७ लाख मूल्य बारबरका विदेशी वस्तुको आयात भएको छ । भन्सार विभागको तथ्याङ्क अनुसार सो अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ । भारतबाट सो अवधिमा छ खर्ब तीन अर्ब ५४ करोड ५१ लाखको आयात भएको छ । भारतपछि चीनबाट ठूलो मात्रामा आयात भएको छ । चालु आर्थिक वर्षको पहिलो छ महिनामा चीनबाट एक खर्ब ४५ अर्ब ९१ करोड ३६ लाख मूल्य बराबरका वस्तु आयात भएको छ ।

देउवा सरकारको ६ महिने कार्यकालमा मुलुक गहिरो सङ्कटतिर धकेलिँदै गएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई हेर्ने हो भने देउवा सरकार विगतको ओली सरकारभन्दा पूर्ण रूपमा असफल बन्न पुगेको छ र मुलुक नै असफल बन्ने दिशातर्फ उन्मुख भएको छ ।

शक्तिपृथकीकरण र राज्यका अङ्गहरूबीचको सन्तुलन, मुलुकको अर्थतन्त्र, नेपालको बाह्य सम्बन्ध र शान्ति-सुरक्षाको अवस्थालगायत प्रमुख पक्षहरू गम्भीर रूपले समस्याग्रस्त बनेका छन् । कोभिड महामारीविरुद्धको प्रतिकार्य लथालिङ्ग भएको छ ।

अर्थतन्त्रका सबै सूचकहरूले गम्भीर अनिष्टको सङ्केत गरिरहेका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मुलुकको आर्थिक अवस्थाको विवरण अनुसार उपभोक्ता मुद्रास्फिति ६ वर्षयताकै *बाँकी ७ पेजमा*

## एकैदिन कोरोना संक्रमणबाट १६ जनाको मृत्यु



काठमाडौँ । नेपालमा एकैदिन कोरोना संक्रमणबाट १६ जनाको मृत्यु भएको छ । देशभरको विवरणअनुसार २४ घण्टाको अवधिमा १६ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको हो । यससँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६५१ पुगेको छ ।

यस्तै २४ घण्टामा एन्टिजेन र पीसीआर गरी २० हजार १८७ परीक्षण हुँदा १० हजार २५४ जना संक्रमित थपिएका छन् । निको हुनेको संख्या भने ७०८ रहेको मन्त्रालयले तथ्यांकमा उल्लेख छ ।

कोरोनाको ओमिक्रोन भेरिएन्ट नेपालमा फैलिएसँगै एकै दिन मृत्यु हुनेको संख्या यो सबैभन्दा धेरै हो । शुक्रबार दिनभर कोरोनाका कारण ३ जनाको मृत्यु भएको थियो ।

## कोभिड-१९ विरुद्ध जुध्न अविलम्ब सर्वपक्षीय संयन्त्र निर्माण गर्न क्रान्तिकारी माओवादी काठमाडौंको जोडदार माग



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्ला समितिले एक प्रेस वक्तव्य जारी गर्दै कोभिड-१९ विरुद्ध जुध्न अविलम्ब सर्वपक्षीय संयन्त्र निर्माण गर्न सरकारसँग जोडदार माग गरेको छ । सो पार्टीका जिल्ला इन्चार्ज सरु र सेक्रेटरी अमरको संयुक्त हस्ताक्षरमा जारी वक्तव्यमा कोभिड-१९को तेस्रो लहरको रूपमा देखिएको ओमिक्रोन महामारीसँग सामुहिक रूपले लडेर समग्र जनजीवनको रक्षा गर्नका निम्ति काठमाडौं जिल्ला स्तरीय सर्वपक्षीय संयन्त्र निर्माण गर्नका लागि जोडदार माग गरिएको हो ।

वक्तव्यमा भनिएको छ, 'कोभिड-१९ को पहिलो र दोस्रो चरणमा जस्तै यो तेस्रो चरणमा पनि काठमाडौं हटस्पट बन्दै गएको कुरा सर्वविदितै छ। कोभिड-१९ का सामु काठमाडौं जिल्ला प्रशासन र जनप्रतिनिधिमूलक संस्थाहरू निकम्मा र निस्प्रभावी बन्दै *बाँकी ७ पेजमा*

## भारतले गर्‍यो २ सय ९० किमिसम्म मार हान्ने क्षमताको क्षेप्यास्त्र परीक्षण



एजेन्सी । भारतले फेरि अर्को क्षेप्यास्त्र परीक्षण गरेको छ । उसले ब्राह्मोस सुपरसोनिक क्रुज नामक क्षेप्यास्त्रको चण्डीपुरमा सफलतापूर्वक परीक्षण गरेको हो ।

उडिसाको समुद्री किनारमा गरिएको उक्त परीक्षण ब्राह्मोस कार्यक्रमको निम्ति एउटा कोशेढुंगा भएको भारतीय रक्षा मन्त्रालयले जनाएको छ ।

रुससँग मिलेर बनाइएको ब्रह्मोसले २ सय ९० किलोमिटरसम्म मार हान्न सक्छ । २ दशमलव ८ अर्थात् ध्वनीको गतिभन्दा लगभग तीन गुणा छिटोको गतिले प्रहार गर्न सक्ने भएकाले यो संसारकै द्रुत क्षमताको क्षेप्यास्त्र पनि हो ।

## पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरुद्धमा संयुक्त संघर्षसमिति चितवनद्वारा विरोध प्रदर्शन र कोणसभा सम्पन्न




चितवन । पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता लिने मागका साथ संयुक्त संघर्षसमिति चितवन(२२दलीय मोर्चा)व्दारा माघ ७ गते विरोध प्रदर्शन र कोणसभा सम्पन्न गरेको छ ।

चितवनको मालपोत चोकबाट जुलुस र नाराबाजी सहीत विरोध प्रर्दशन गदै चौविस कोठी चोकमा कोणसभामा परिणत गरिएको थियो ।

जुलुसपछि आयोजित कोणसभालाई २२दलीय मोचाका तर्फबाट नेकपा(क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज घननाथ सापकोटा 'विकास'व्दारा सम्बोधन गरिएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै नेकपा(क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज घननाथ सापकोटा 'विकास'व्दारा वर्तमान ५ दलीय गठबन्धनको सरकारले कालो बजारीयाहरू, *बाँकी ७ पेजमा*

# संसद विघटन र अवरोधको राजनीति

***पुँजीवादीहरुले यो संसदीय व्यवस्थालाई अहिलेसम्मको सबै भन्दा उत्कृष्ट व्यवस्था भन्दछन् । तर मार्क्सवादीहरुले यो व्यवस्थालाई गफ गर्ने थलो, खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो भन्दछन् । संसदीय व्यवस्थासम्बन्धी पुँजीवादी दृष्टिकोणले शोसक वर्गको प्रतिनिधित्व गर्दछ भने मार्क्सवादी दृष्टिकोणले सर्वहारावर्ग अर्थात शोषित पीडित श्रमिक वर्गको प्रतिनिधित्व गर्दछ***




● रामसिंह श्रीस ●


केही समय पहिले भु.पु प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरे । अहिले उनैको पार्टी नेकपा (एमाले) ले संसद अवरोध गरिरहेको छ । नेपालमा यस प्रकारको संसद विघटन र संसद अवरोध गर्ने काम अहिले मात्र भएको होइन । सरकारमा भएको बेला विघटन र प्रतिपक्षमा हुदा अवरोध गर्ने काम नेपालको संसदीय इतिहासमा पटक पटक भएको छ । यस प्रकारको काम नेपालमा मात्र होइन संसदीय व्यवस्था भएका संसारका अन्य मुलुकहरूमा पनि भइरहन्छन् । संसदीय व्यवस्थामा संसद विघटन र अवरोधको राजनीति किन गरिन्छ ? कसका लागी गरिन्छ ? यसै प्रश्नको सेरोफेरोमा रहेर यो लेख लेखिएको छ ।

पुँजीवादीहरूले यो संसदीय व्यवस्थालाई अहिलेसम्मको सबै भन्दा उत्कृष्ठ व्यवस्था भन्दछन् । तर मार्क्सवादीहरूले यो व्यवस्थालाई गफ गर्ने थलो, खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो भन्दछन् । संसदीय व्यवस्था सम्बन्धि पुँजीवादी दृष्टिकोणले शोसक वर्गको प्रतिनिधित्व गर्दछ भने मार्क्सवादी दृष्टिकोणले सर्वहारा वर्ग अथार्त शोषित पिडित श्रमिक वर्गको प्रतिनिधित्व गर्दछ ।

नेपालमा वि.स २०४६ साल देखी अहिलेसम्मको संसदीय व्यवस्थाको अभ्यासले देखाएको प्ररिणामले पनि मार्क्सवादी दृष्टिकोण सही भएको पुष्ठी गर्दछ । संसदमा बहुमत गुमाएर जब व्यक्तिको पदको सुरक्षा हुदैन तव सत्ता भएको पार्टीले संसद विघटन गर्दछ । गिरिजा प्रसाद कोइराला देखी खड्ग प्रसाद ओलीसम्मले संसद विघटन गर्नुको पछाडिको कारण उनीहरूको पद प्रति आएको संकट नै थियो । आज एमालेले आफु बाट अलग भएका ९ जना सदस्यहरूलाई संसद सदस्यबाट कार्वाही *बाँकी ७ पेजमा*

# पुँजीवादको वर्तमान चरण : सैन्यकृत एकाधिकारवादी राष्ट्रिय पुँजीवाद



पुँजीवादको वर्तमान सैन्यकृत राष्ट्रिय एकाधिकार पुँजीवादी स्वरूप एक्काइसौं शताब्दीले बीसौं शताब्दीबाट पाएको उत्तरदान हो । पुँजीवादको क्रमिक विकास र यसमा वेला वेलामा गरिएका संरचनागत परिवर्तनको परिणाम हो । मार्क्सले आफ्नो महान कृति 'पुँजी' र 'अतिरिक्त मूल्यको सिद्धान्त'को रचना गर्दा त्यो स्वतन्त्र प्रतिस्पर्धात्मक पुँजीवादी उत्पादन प्रणालीको चरणमा थियो । लेनिनले आफ्नो समयमा यसलाई पुँजीवादको उच्चतम साम्राज्यवादी चरण भनी व्याख्या गरे र त्यसलाई 'मरणोन्मुख' अवस्था भन्नुभयो । लेनिनका त्यस भनाइको अर्थ तत्काल मर्न लागेको भन्ने अर्थमा बुझ्नु गलत हो, जस्तो धेरैले भन्ने गरेका छन् । यो भनाइ पुँजीवाद आफ्नो अन्तिम चरणमा प्रवेश गरेको छ र यो त्यसका निषेधको चरण हो भन्ने अर्थमा थियो । पुँजीवाद आज त्यसभन्दा बढी विकसित र जटिल अवस्थामा छ । तर, समयसँगै यसको वर्तमान स्वरूप निषेधित हुने छ । यो सामाजिक विकासको शाश्वत नियम हो ।

पुँजीवादका विकासको प्रक्रिया हेर्ने हो भने अठारौं शताब्दीको उत्तरार्द्धमा आधुनिक पुँजीवादको प्रारम्भ भएको मानिन्छ भने आजका मोनोपोली, सिण्डिकेट र कार्टेलिङका चरणको सुरुवात १८७३ को पुँजीवादी संकटबाट औद्योगिक क्षेत्र दबाह भएपछि यस संकटबाट पार पाउन पुँजीपतिहरूले उत्पादन र बजारीकरणका क्षेत्रहरू परस्परमा बाँडफाँड गरी कार्टेलिङ् सुरु गरेपछि सुरु भएको थियो । स्वतन्त्र पुँजीवादी प्रतिस्पर्धा र असमान विकासको चारित्रिक विशेषताको अध्ययन गर्दै मार्क्सले पहिले नै स्वतन्त्र प्रतिस्पर्धात्मक पुँजीवाद एकाधिकार पुँजीवादमा परिणत हुनेतर्फ संकेत गरी सकेका थिए । त्यस वेलासम्म एकाधिकार गर्भावस्थामै थियो । सन् १९००-०३ को आर्थिक संकटपछि लेनिनको जीवनकालमा यिनै कार्टेलस्हरू पुँजीवादी राष्ट्रिय अर्थतन्त्रको एकाधिकारवादी चरित्रको जन्मदाता साबित भए र पुँजीवाद स्वतन्त्र प्रतिस्पर्धाको युगबाट एकाधिकार पुँजीवादको चरणमा प्रवेश गर्यो । यससँगै पुँजी, उत्पादन र वितरण एकाधिकारवादीहरूको हातमा केन्द्रीकृत हुँदै गयो । यस अवस्थालाई मध्यनजर गर्दै लेनिनले लेखे 'औद्योगिक पुँजीवादी देशहरूमा एकाधिकारवादीहरूले समाजको हरेक क्षेत्रको नेतृत्व लिइसकेका छन् र एकाधिकार पुँजीवाद राष्ट्रिय एकाधिकार पुँजीवादमा विकसित भएको छ ।' (लेनिन, पार्टीको सातौं सम्मेलन १९१७ ।

पुँजीवादको स्वतन्त्र प्रतिस्पर्धात्मक चरणमा उत्पादनको क्षेत्रमा औद्योगिक निजी पुँजी मात्र थियो र मालको मात्र निर्यात हुने गर्थ्यो । तर, आर्थिक संकटहरूबाट औद्योगिक क्षेत्रलाई उकास्न औद्योगिक निजी पुँजीलाई सहयोग गर्न बैंक पुँजी उत्पादन क्षेत्रमा प्रवेश गरेपछि औद्योगिक र बैंक पुँजीको सम्मिलनबाट जन्मिएको फिनान्सियल ओलीगार्कीपछि मालसँगै पुँजीको निर्यात पनि सुरु भयो । लेनिनले यस चरणलाई एकाधिकार पुँजीवादको साम्राज्यवादी चरणमा प्रवेशको विन्दु भनेका छन् । इटालीका प्रसिद्ध मार्क्सवादी अर्थशास्त्रीका अनुसार १९३० को आर्थिक संकटपछि जब पुँजीवादी पुनरुत्पादनको सहज अवस्था रहेन र औद्योगिक क्षेत्रमा मात्र होइन कृषि क्षेत्र लगायत सामाजिक जीवनका सबै क्षेत्रमा अराजकता र अन्तर्द्वन्द्व तीव्र हुन पुग्यो । त्यस अवस्थामा आर्थिक पुनरुद्धारका लागि राजसत्ता, एकाधिकार र सम्पूर्ण राष्ट्रिय अर्थतन्त्र एक अर्कोसँग जोडिन पुगे । दोस्रो विश्वयुद्धको समाप्तिपछि यस प्रक्रियाले झन् तीव्रता पायो र पुँजीवाद राष्ट्रिय एकाधिकार पुँजीवादमा पूर्ण रूपले स्थापित भयो । (अन्टोनियो पेसेन्टी - मैनुयल औफ पौलिट इकोनोमी १९७० रोम) । अहिले साम्राज्यवाद राष्ट्रिय एकाधिकार पुँजी, ती देशका हतियार निर्माता एकाधिकारीहरू र सेना तथा समरीकृत विज्ञान र 'मिलिटरी इण्डष्ट्रीयल कम्प्लेक्स' तथा प्रशासकीय व्यूरोक्र्यासीबीचको गठबन्धनसहित झन् बढी जटिल, व्यापक र आक्रामक रूपमा अगाडि आएको छ । यी कम्प्लेक्सहरू आफ्ना एकाधिकार पुँजीपतिहरूको स्वार्थ संरक्षणका लागि निरन्तर सक्रिय रूपमा काम गर्दै छन् ।

पुँजीवादी उत्पादन प्रणाली त्यसका पूर्ववर्ती सामाजिक-आर्थिक संरचनाहरूका उत्पादन प्रणालीभन्दा भिन्न, श्रम र ज्यालाको विनिमयका निश्चित सम्बन्धहरूमा आधारित प्रणाली हो । यसमा जतिसुकै संरचनागत परिवर्तन गरे पनि पुँजीवादको यो आधारभूत चरित्र परिवर्तन हुन सक्दैन । किनभने श्रम बजार विना पुँजी बजार बाँच्न सक्दैन । पुँजीवादको चारित्रिक भिन्नता वा पहिचान भनेको नै स्वतन्त्र श्रम शक्तिको खरिद र विक्री हो । यी सम्बन्ध स्थापित गर्न सामन्तवादी विभिन्न बन्दमा बाँधिएका किसानहरूको श्रम शक्तिलाई त्यस बँधुवा अवस्थाहरूबाट मुक्त गरी स्वतन्त्र श्रम बजारमा उभ्याउन आवश्यक थियो, जहाँ जीविकोपार्जनका लागि साधन श्रोत विहीन व्यक्ति श्रम बजारमा स्वतन्त्रतापूर्वक आफ्नो श्रम बेच्ने स्वतन्त्रता पाओस् । यसका लागि पहिलो काम दासता, भू-दासता, करिया, बेठ बेगर आदिजस्ता सामन्ती वैधानिकता बन्धनहरूबाट, जसले श्रमिक वर्गलाई उसको आफ्नो श्रम शक्तिमाथि निजत्वको अधिकारबाट वञ्चित गरिराखेको थियो । श्रमिकलाई मुक्त गर्नु थियो । यी दुइटै काम पुँजीवादी क्रान्तिहरूले तथा सामन्ती संरचनाको क्षयीकरण र पुँजीवादको क्रमिक विकासले सम्पन्न गर्यो । दोस्रो काम श्रमलाई पुँजीको दासत्वमा ल्याउन उत्पादकलाई उत्पादनका साधन श्रोतहरूबाट अलग्याउनु र आफ्नो श्रम शक्तिको विक्रयका माध्यमबाट मात्र श्रमका साधनहरूसम्म उसको पहुँच हुनसक्ने अवस्था सृजना गर्नु थियो । यो अवस्था साधन विहीन श्रम शक्ति बजारमा पुगेको अवस्थाले सृजना गर्यो । तेस्रो काम, श्रम शक्तिलाई एउटा सामाजिक व्यक्तिको रूपमा नभई पुँजीपतिका पुँजी लगानीको एउटा हिस्सको रूपमा परिणत गरेर पुँजीकै एक हिस्सा बनाई सामाजिक उत्पादन प्रक्रियामा सरिक गर्नु थियो । यो काम पुँजीवादको विकाससँगै क्रमिक रूपमा सम्पन्न गरियो । त्यस कारण पुँजीवादमा श्रम प्रक्रिया श्रमिकद्वारा आफ्नो श्रम शक्ति विक्री गर्ने र पुँजीपतिद्वारा उसको श्रम शक्ति क्रय गर्ने सम्झौताहरूबाट सुरु हुन्छ ।

सम्पत्ति र साधन श्रोतबाट वञ्चित श्रमिक सामु जीविकोपार्जनका लागि अन्य कुनै विकल्प नभएको अवस्थामा यस्ता सम्झौतामा बाँधिनु उसका जीवनको बाध्यता हो भने पुँजीपतिका लागि आफ्नो पुँजीलाई गतिमान गर्न र पुँजीको वृद्धि गर्न तथा आफ्नो उत्पादन प्रक्रियालाई जीवित राख्न पुँजीको गतिमान उत्पादक हिस्साको रूपमा श्रम शक्ति नभई नहुने वाध्यात्मक अवस्था हो । यसका लागि उसले उद्योग सञ्चालनका लागि कच्चा पदार्थ र श्रमका औजारमा लगानी गरेजस्तै आफ्नो पुँजीको एक भाग श्रमिकको ज्यालामा पनि लगानी गर्दछ । यस वाध्यात्मक अवस्थाले श्रम र पुँजी एउटा निश्चित सम्बन्धमा बाँधिन्छन् । यो ज्यालादारी श्रम र पुँजीका बीच एकत्वको अवस्था हो भने श्रमको उत्पादन र श्रमिकले पाउने ज्याला बीचको असमानताबाट उत्पन्न हुने द्वन्द्व तिनका बीच निरन्तर संघर्षको अवस्था हो, जो वर्गसंघर्षको रूपमा प्रकट हुन्छ ।

वर्तमान एकाधिकार पुँजीवादको चरणमा पनि पुँजीवादको यो चरित्र यथावत् छ । र, क्रय-विक्रयको यही सिद्धान्त अन्तर्गत एकाधिकार पुँजीवाद आर्थिक क्षेत्रमा मात्र होइन । राजनैतिक, सामाजिक, सांस्कृतिक, सूचना, सञ्चार, सेवा, गैर सरकारी संस्थाहरूको माध्यमबाट सामाजिक जीवनका सम्पूर्ण क्षेत्रहरूमा काम गर्दैछ । यसै अनुरूप पुँजी र उत्पादनको मात्र होइन बैंकिङ्ग र बजार प्रणालीको समेत अन्तर्राष्ट्रियकरण गरिएको छ । यसबाट लगानीकर्ता, उत्पादक श्रमिक, वितरक, उपभोक्ता तथा अन्तर्राष्ट्रिय एकाधिकार पुँजी एउटै सूत्रमा गाँसिएका छन् र विश्व बजार, उत्पादन, वितरण तथा वित्तीय श्रोतहरूमाथि सिण्डिकेट र एकाधिकार कायम गरिएको छ । यसबाट एकाधिकार पुँजीपतिहरू अभूतपूर्व रूपमा श्रम शोषण गरी विशाल नाफा आर्जन गर्दै छन् । साम्राज्यवादी देशहरूका हतियार निर्माता एकाधिकारीहरू, ती देशको सेना र समरीकृत विज्ञान तथा प्रशासकीय व्यूरोक्र्यासीको संयुक्त गठबन्धन निर्माण गरी एकाधिकार पुँजीको स्वार्थ संरक्षणका लागि सक्रियरूपमा काम गर्दै छन् । अहिले यिनले तेस्रो विश्वमाथि आफ्नो हैकम कायम गरेको छन् र ती देशका सरकार र व्यवस्थाहरूलाई साम्राज्यवादीहरूको इच्छा अनुरूप चल्न तथा तिनको हैकम स्वीकार्न बाध्य गरिँदै छ ।

आज साम्राज्यवादको सबभन्दा बडी युद्धपिपाशु तथा शोषक जमात विश्वव्यापी रूपमा आफू अनुकूल नभएका र आफ्नो खटनपटनमा नचल्ने सरकारहरूलाई अनेकौं हतकण्डा, सोझो हस्तक्षेप, आर्थिक नाकाबन्दी आदिका साथै तिनका विरुद्ध स्थानीय साम्राज्यवाद परस्त प्रतिक्रियावादी शक्तिहरूलाई आर्थिक, सामरिक र गुप्तचरी सहयोग गरी सैन्य गठबन्धन कायम गर्ने, चौतर्फी घेराबन्दी गरेर तिनको सत्ता पल्टाउने तथा साम्राज्यवाद विरोधी प्रगतिशील शक्तिहरू, मजदुर आन्दोलनहरू, राष्ट्रवादी शक्तिहरू, साम्राज्यवाद विरोधी प्रगतिशील शक्तिहरूलाई समाप्त गर्ने निरन्तर प्रयास गरिरहेका छन् र अझ बढी प्रयास गर्ने छन् । यसका लागि आफ्नो प्रभावमा ल्याउन सकिने व्यक्ति, समूह, पार्टी आदिमा अपार धन खर्च गर्ने, हातहतियार उपलब्ध गराउने, गुप्तचरी सहयोग दिने र तिनको माध्यमबाट जातीय, भाषिक, क्षेत्रीय तथा धार्मिक भावनाहरूलाई उचाली पारस्परिक भिडन्त गराउने जस्ता काम गर्दै छन् । सिरिया, लिविया, अफगानिस्तान, सुडान आदिजस्ता विभिन्न एसियाली, अफ्रिकी, दक्षिण तथा मध्य अमेरिकी देशहरूमा भइरहेका सैन्य भिडन्त तथा जातीय संघर्ष यसका उदाहरण हुन् । चीन, भियतनाम, क्युबा, उत्तर कोरिया जस्ता समाजवादी मुलुकलाई निशाना बनाएका छन् । अमेरिका आफ्ना सहयोगी नाटो राष्ट्र, साउदी अरविया, इजरायल आदिको सहयोगमा विश्वमा पुनः अशान्ति तथा युद्धको वातावरण निर्माण गर्ने प्रयासमा छ । अमेरिका जुनसुकै हालतमा पनि विश्व शक्ति समीकरण आफ्नो पक्षमा ढाल्ने प्रयासमा छ ।

मार्क्सले आफ्ना समयको पुँजीवादी उत्पादन प्रणाली, त्यसका उत्पादन सम्बन्धहरू र श्रम तथा पुँजीबीचका अन्तर सम्बन्ध र अन्तर्द्वन्द्वको विश्लेषण प्रस्तुत गर्दै आफ्नो विश्लेषणात्मक व्याख्यालाई पुँजीवादको शारीरिक संरचना भन्नुभयो । पुँजीवादसँगै जन्मिएको सर्वहारा वर्ग, जुन वर्ग त्यस बेलासम्म 'आफैमा एउटा

बाँकी ३ पेजमा

## सम्पादकीय

### राष्ट्र र जनतामारा देउवा सरकार

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याका हिसाबले मुलुक अत्यन्तै संकटपूर्ण अवस्थामा धकेलिएको छ । यहाँसम्म कि संसदीय व्यवस्थाको मतियार नेकपा (एमाले)ले समेत देउवा सरकारको ६ महिने कार्यकालले नेपाललाई असफलत राष्ट्र बनाउने दिशामा लगेको निष्कर्ष वक्तव्यमार्फत् सार्वजनिक गरेको छ । जब कि राष्ट्रलाई असफल बनाउन एमालेको पनि त्यत्तिकै भूमिका छ । राष्ट्र र जनताको हितविपरीतको काममा ओली नेतृत्वको तत्कालीन सरकारले पनि थुप्रै रेकर्डहरू कायम गरेको छ । अझै पनि केपी शर्मा ओली नेतृत्वको एमालेले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता सदनबाट पास गर्ने कुरा बताएर राष्ट्रमाराको कलंकको टिका लगाउन उद्दत भइरहेको छ ।

भारतले नेपालको लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्रमा पक्की सडक निर्माण गरिरहेको सगर्व घोषणा गरिरहेको छ । उक्त भूमि फिर्ताका निम्ति राजनीतिक तथा कुटनीतिक वार्तालाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्ने जिम्मा बोकेको देउवा सरकार भारतका प्रधानमन्त्रीले सार्वजनिक रूपमा नेपाली भूमिका सडक बनाएको घोषणा गरिरहँदा त्यसको विरोधमा बोल्न समेत सक्दैन । सरकारको लम्पसारवादी चरित्रको चौतर्फी रूपमा आलोचना भएपछि केवल औपचारिक रूपमा झारा टार्ने शैलीमा विरोध गरीमात्रै टोपल्छ । तर भूमि फिर्ताको विषयमा कुनै ठोस कदम चाल्ने आवश्यकताको समेत बोध गर्दैन । उक्त भूमि भारतकै भएको भनेर नेपाल सरकारलाई अवगत गराइसकेको भनेर नेपालस्थित भारतीय दुताबासले वक्तव्यबाजी गर्दा समेत त्यस विषयमा देउवा सरकार यथार्थ स्पष्ट पार्दैन । बरु उही विस्तारवादी मुलुक भारतका शासकहरूको चाकडी र दलालीमा कुर्सीको आयु लम्ब्याउने ध्याउन्नमा लागिरहन्छ ।

त्यसैगरी देउवा सरकार महामारीको ग्राफको सन्त्रास बढाउँदै नागरिकलाई घरभित्र थुनेर एमसीसीजस्तो राष्ट्रघाती सम्झौता सदनबाट पास गर्न पर्दाभित्रको षड्यन्त्रलाई तीव्रता दिन लागि परेको छ । संविधानतः पाँचवर्षे कार्यकाल सकिनै लाग्दा पनि निर्वाचन घोषणामा समेत एमसीसीलाई कार्डको रूपमा प्रयोग गरिएको छ । अहिले नेपालको राजनीतिको केन्द्रमा एमसीसी सम्झौता रहेको छ ।


साम्राज्यवादी मुलुक अमेरिकाले आफ्नो साम्राज्यवादी मिसन अन्तर्गत नेपाललाई एमसीसी सम्झौतालाई प्रयोग गर्न खोजेको कुरा कसैबाट छिपेको छैन । अमेरिकाले चीनका विरुद्ध आफ्ना गतिविधि गर्न नेपाली भूमिलाई प्रयोग गर्न खोजेको प्रष्टै देखिन्छ । यहाँको प्राकृतिक तथा मानवीय स्रोतसाधनलाई चीनका विरुद्ध प्रयोग गर्ने डिजाइनअन्तर्गत नै एमसीसी सम्झौता गरिएको हो र नेपालको संविधान तथा कानुनभन्दा माथि वा सो सरह बनाएर लागू गर्नलाई यो सम्झौता सदनबाट पास गर्न दबाब उसले दिँदै आएको छ । र, दबाब बढाइरहेको पनि छ । यता अमेरिका र भारतको दलाली गरेर देश र जनतालाई लुट्ने र शासनसत्ताको मालिक बनिरहने ध्याउन्नमा रहेका दलाल पुँजीपति शासकहरू अहिले एमसीसी पास गर्न कम्मर कसेर लागिरहेका छन् । त्यसको अगुवाइ प्रधानमन्त्री समेत रहेका शेरबहादुर देउवाले गरिरहेका छन् ।

एमसीसी सम्झौताको खारेजी र लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्रमाथि नेपालको भोगाधिकार कायम गराउन भन्दै नेकपा (क्रान्तिकारी माओवादी) लगायत देशभक्त तथा क्रान्तिकारी शक्तिले दैनिकजसो सडक आन्दोलनमार्फत् दबाब दिँदै आएका छन् ।

अर्कोतिर बद्नाम संसदीय व्यवस्था आफैमा पूर्णरूपमा असफलसिद्ध भइसकेको छ भने कोरोनाको तेस्रो लहरको महामारीबाट नागरिकहरू रोग र भोकसँग जुधिइरहँदा नेपाली कांग्रेसका सभापति समेत रहेका शेरबहादुर देउवाले पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गरेर जनताको हुर्मत लिएको छ । यसअघि पटक पटक वृद्धि गरिएको मूल्य घटाउनुको सट्टा अझ थप मूल्यवृद्धि गरेर देउवा सरकारले पूरै अमानवीय चरित्र प्रदर्शन गरेको छ । यसबाट विशेषगरी अनौपचारिक क्षेत्रका श्रमिकहरूको कन्तबिजोग हुन पुगेको छ । एकातिर महामारीकै कारण काम बन्द हुँदा उनीहरूको आयस्रोत ठप्प हुन पुगेको छ भने अर्कोतिर दैनिक उपभोग्य वस्तुमो मूल्य आकासिदा रोगबाटभन्दा भोकबाट मर्नुपर्ने बाध्यतासँग जुध्नुपर्ने स्थिति छ । गरिब किसान, मजदुर, सुकुम्बासीहरू उपचारै नपाएर मर्नुपर्ने स्थितिमा बढोत्तरी हुँदै गएको छ । हालै एकजना चर्चित पत्रकार एलबी विश्वकर्माले समेत उपचार खर्च अभावमा, त्यो पनि काठमाडौं उपत्यकामा नै ज्यान गुमाउनु परेको घटनाले नागरिकको स्वास्थ्यप्रति राज्य कति असंवेदनशील र अमानवीय छ भन्ने यथार्थलाई प्रतिविम्बित गरेको छ । समाजवादको फलाको हालेर नथाक्ने सरकार र राजनीतिक पार्टीहरू नागरिकको स्वास्थ्यजस्तो संवेदनशील विषयमा पनि रतिभर गम्भिर देखिदैनन् । बरु देश र जनतालाई आपत विपत आइलागेको बेला मौका छोपेर ब्रम्हलुट मच्चाउनतिर लागिपर्छन् ।

समग्रमा हेर्ने हो भने के ओली, के देउवा, के प्रचण्ड सबै संसदीय व्यवस्थाका मतियार हुन्, एउटै ड्याङका मूला हुन् । यी पार्टी र यिनी नेतृत्वको सरकारबाट, अहिलेको सत्ता, व्यवस्था र संविधानबाट देश र जनताको सुरक्षा हुने देखिन्न । देश र जनताको रक्षा र सुरक्षाका निम्ति यो सिंगो व्यवस्था समूल रूपले बदल्न जरुरी छ । त्यो ऐतिहासिक अवसर उनीहरू आफैले प्रदान गरिरहेका छन् । क्रान्तिकारी शक्तिले त्यो अवसरलाई बेलैमा पकड्न जरुरी भएको छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं ।

www.moolbato.com

# पुँजीवादको अझ अर्को अन्तरविरोध

***माओवादी केन्द्रले देखेको आजको विश्व***

-Himali Patrika

संयुक्त राज्य अमेरिकामा कोरोना कहर अघिको तुलनामा अझै ४० लाख मानिस बेरोजगार छन् । अर्थतन्त्र उकास्ने बाइडेन प्रशासनको प्रयासले सङ्कट व्यहोरिसकेको छ । त्यहाँ मात्र नभई पुँजीवादी विश्वभरि पुनः मुद्रास्फिति देखापरेको छ । फेडरल रिजर्भ बैङ्कलाई अमेरिकाको केन्द्रीय बैङ्कसमान मानिन्छ । ऊ छिट्टै ब्याजदर बढाउने योजनामा छ । अहिले यो ब्याजदर शून्य आसपास छ । मुद्रास्फितिको स्थिति हेर्दा राजकीय खर्चले नधान्ने देखिन्छ । यो अवस्थाले अर्थतन्त्र उकास्ने प्रयासमा बाधा दिनेछ । अर्को शब्दमा भन्नुपर्दा संसारकै नेतृत्वकारी पुँजीवादी राज्यको क्षमतामा पनि गम्भीर व्यवधान आएको छ । जबकि, अमेरिकी मुद्रालाई 'सुनभन्दा राम्रो' मानिन्छ । त्यही भएर उसलाई पुँजी विदेशिने खतरा नहुनुपर्ने हो, आफ्नै देशभित्र आर्थिक चहलपहल बढाउन अप्ठ्यारो नहुनुपर्ने हो ।

***क्यों पुँजीवाद का लोकतंत्र के साथ लगातार टकराव होता है***

**– न्यूजक्लिक**


यो पुँजीवादी विश्वमा देखापरेको नयाँ आधारभूत अन्तरविरोध हो । त्यसैले यसमा बडो ध्यान दिनुपर्छ । जोन मेनार्ड किन्स बीसौँ शताब्दीका अत्यन्त महत्वपूर्ण पुँजीवादी अर्थशास्त्री थिए । पुँजीवाद आफ्नो स्वतःस्फूर्त स्वरूपमा पनि त्रुटिपूर्ण व्यवस्था हो, यसले धेरैभन्दा धेरै कामदारहरूलाई बेरोजगार राख्ने र राज्यको हस्तक्षेपले यो दुर्गुण हटाउन सक्ने धारणा किन्सको थियो । वित्तीय पुँजीको भूमण्डलीकरणले यो धारणालाई नकारिसकेको छ । राष्ट्र-राज्यतिर हेर्दा भूमण्डलीकृत वित्तले राज्यलाई हस्तक्षेप गर्नै नसक्ने गरी कमजोर तुल्याएको छ । राज्यलाई कुल मागको अभाव मेट्न नसक्ने बनाएको छ । तर, हस्तक्षेप गर्न सक्ने एउटै राज्य संरा अमेरिका देखिएको थियो किनभने उसको मुद्रालाई भूमण्डलीकृत वित्तले पनि 'सुनभन्दा राम्रो' मानेको थियो र उसको हस्तक्षेपले कुनै गम्भीर वित्तीय बहिर्गमन निम्त्याउन्न भन्ने थियो । तर, अहिले त्यो सम्भावना पनि हराएको देखिन्छ । किन ? यसो केलाऔँ ।

अन्य देशका सरकारहरूले आफ्नो अर्थतन्त्रलाई पर्याप्त क्रियाशील बनाउन सक्दैनन् किनभने तिनका वित्तीय नीतिलाई अनेक सर्तहरूले कुँजो बनाएका छन् । वित्तीय व्यवस्थाले उनीहरूमाथि यस्ता सर्तहरू थोपर्छ र निश्चित अङ्कसम्म तिनको गार्हस्थ उत्पादनको तुलनामा वित्तीय घाटालाई सीमित गर्छ । अर्कोतिर तिनका मौद्रिक नीतिहरूलाई अमेरिकाको मौद्रिक नीतिसँग बाँध्नुपर्ने हुन्छ । तिनको ब्याजदर अमेरिकी ब्याजदरभन्दा उच्च हुनुपर्छ । नत्र गम्भीर वित्तीय ह्रास उत्पन्न हुन्छ वा देशको धन विदेशिन्छ । यो कुरा उन्नत पुँजीवादी देशहरूको हकमा पनि लागु हुन्छ । तर, अमेरिका अलि स्वायत्त हुन्छ । उसको वित्तीय घाटा अन्य देशको भन्दा बढ्यो भने पनि तथा उसको ब्याजदर शून्य नजिकै पुगे पनि यसले उसलाई कुनै गम्भीर वित्तीय ह्रास हुन्न वा उसको धन विदसिँदैन । बाइडेन प्रशासन यही मान्यता लिएर अघि बढेको थियो । खेलमा अर्को व्यवधान पनि थियो । यो व्यवधान अहिले बाहिर आएको छ ।

***पुँजीवाद की रणनीति, मिश्रित अर्थव्यवस्था और निजीकरण का उन्माद- एक चर्चा***

**- The Critical MirrorM आईना सच का**

अर्थशास्त्रका पाठ्यपुस्तकले हामीलाई बताउँछ, न्यून ब्याजदरले निजी लगानीलाई बढावा दिन्छ किनभने त्यसले कर्जा लिन सस्तो पर्छ । कुरा यही हो तर पछिल्लोपटक वस्तुको मूल्यको फोका (asset price bubbles) फुलाएर अझ सशक्त बाटोबाट न्यून ब्याजदरले काम गरेको छ । शताब्दीको सुरुआतमा संरा अमेरिकामा 'डटकम फोका' फुट्दा फेडरल बैंकका अध्यक्ष एलन ग्रीनस्पेनले ब्याजदर घटाइदिए । यसले त्यहाँ नयाँ फोका अर्थात् घरजग्गा कारोबारको फोका फुलायो ।




धेरै व्यक्तिहरूको धनलाई कृत्रिम रूपमा बढाउँदा उपभोग खर्चहरू बढ्यो । यसले घरजग्गामा र अन्य आयोजनाहरूमा लगानी पनि बढ्यो । यसैले एउटा नयाँ आर्थिक वृद्धि ल्यायो ।

फेडरल बैंकको न्यून ब्याजदर नीतिले कर्जा सस्तो बनाउँदाको प्रत्यक्ष असरबाट मात्र काम गरेन, बरु यसले जोखिमले बढाएको वस्तुको मूल्यको फोका फुलाएर पनि उल्लेख्य काम गऱ्यो । यस्तो बेला एउटा वस्तुको मूल्य उसको 'वास्तविक मूल्य' भन्दा कैयौँ गुणा बढ्ने गर्छ । यस्तो किन हुन्छ भने सबैले वस्तुको मूल्य ह्वात्तै घट्ने अपेक्षा गरिरहँदा वस्तुका मालिकहरूले अझ केही समयसम्म मूल्य नगिर्ने विश्वास गरिरहन्छन् । उनीहरूले वस्तुलाई सोही अवधिमा बेच्ने र पुँजीको नाफा पाउने आस गर्छन् । ब्याजदर कम राखेमा यो जोखिमले बढाएको वस्तुको मागलाई सघाउ पुग्छ ।

तर, न्यून ब्याजदरले वस्तु बजारमा मात्र नभई माल बजारमा पनि सट्टापट्टालाई उत्साहित गर्न सक्छ । हाल संरा अमेरिकामा भएकै यही हो । घरजग्गा कारोबारको फोका फुटेपछि व्यापारीहरूले वस्तु बजारको जोखिम मोल्न नचाहेको देखिन्छ । विभिन्न कारणवश कम आपूर्ति हुने सामान वा उत्पादनको कमीले अचानक मूल्य बढेको सामानको सट्टाबजारी बढ्न सक्छ । त्यतिमात्र नभई माग ठोस हुने (मूल्य बढ्दा माग त्यति नघट्ने) मालहरूको पनि कारोबार बढ्न सक्छ । यसले गर्दा आपूर्तिमा कमी नआए पनि नाफा बढाउने गरी कृत्रिम अभाव सिर्जना गर्न सकिन्छ । कर्जा सजिलै उपलब्ध हुँदा खासगरी माग ठोस बन्छ । त्यति बेला माग कायम राख्न मानिसहरूले कर्जा लिन्छन् ।

***Pyramid of capitalist system | Capitalism, we rule you, we f...***

**-Flickr**

एकचोटि यस्तो मूल्यवृद्धि भएपछि ज्याला बढाउनुपर्ने माग पैदा हुन्छ । मूल्यवृद्धिसँगै आफ्नो वास्तविक आम्दानी घट्ने हुनाले कामदारहरूको क्षतिपूर्तिका लागि यस्तो गरिन्छ । यसरी आर्थिक वृद्धिमा खतरा उत्पन्न गर्नसक्ने कुनै पनि ठूलो आपूर्ति अभाव नहुँदासमेत पूरै मूल्य-ज्यालाको चक्रलाई पुनः घुमाउन सकिन्छ । एकचोटि यस्तो मुद्रास्फितिजन्य चक्र सुरु भएपछि बाध्य भएर अर्थतन्त्रको उत्प्रेरणा रोकिन्छ । अहिले अमेरिकामा यही भइरहेको छ ।

तेल यस्तो कृत्रिम मूल्यवृद्धि गर्ने स्वाभाविक वस्तु हो । सन् २०२० को नोभेम्बरमा भन्दा २०२१ को नोभेम्बरमा पेट्रोलको मूल्य ५८ प्रतिशतले बढ्नुमा आश्चर्य मान्नु पर्दैन । यो मूल्य सन् १९८० यताकै सबैभन्दा उच्च हो । १९८० को मूल्यवृद्धि 'दोस्रो तेल हडताल' पछि भएको थियो । तेलको हालको मूल्यवृद्धि ओपेक देशहरूले नियमन गर्ने मूल्य अचाक्ली नबढिकनै देखापरेको हो । वास्तवमा अमेरिकी प्रशासनले तेलको मूल्य तलै राख्न आफ्नो तेलको भण्डारको प्रयोग गर्ने सोच्दै छ ।

मालको सट्टाबजारीलाई विकसित पुँजीवादी देशहरूको आर्थिक नीति निर्माणमा सामान्यतया बेवास्ता गरिएको छ । न्यून ब्याजदरले सम्पत्तिको मूल्यको फोका बनाएर र सायद कर्जा सस्तो तुल्याउँदै सिधै लगानी बढाएर कुल माग बढाइदिन्छ भन्ने कुरालाई स्वाभाविक मानिन्छ । न्यून ब्याजदरले मालको सट्टाबजारी उकास्न सक्छ र त्यसले गर्दा उत्पन्न हुने मूल्यवृद्धिले कुल मागलाई बढाउनुको साटो घटाइदिन्छ भन्ने कुरामा बिरलै ध्यान दिइन्छ । अहिले यो न्यून ब्याजदर नीतिको परिणामको रूपमा देखापरेको छ । यसले कुल माग बढाउन गरिने राज्यको कुनै पनि हस्तक्षेपलाई झन् जटिल बनाइदिनेछ ।

अन्तर्राष्ट्रिय वित्तीय पुँजीले माग बढाउन कुनै पनि सरकारी आर्थिक हस्तक्षेप हुन दिँदैन । यद्यपि, मौद्रिक नीतिमार्फत गरिने हस्तक्षेपमा भने यो अलि सहिष्णु छ । किनभने, यसले पुँजीपतिहरूको निर्णयमार्फत काम गर्छ । र, यसरी पुँजीपतिहरूलाई बेवास्ता गरेर व्यवस्थालाई अवैध बनाउन सक्दैन । तर, मौद्रिक नीति पनि निष्फल भए व्यवस्थासँग चहलपहल बढाउने कुनै उपाय बाँकी रहँदैन । उसले उर्लिँदो बेरोजगारी रोक्न सक्दैन । मौद्रिक नीतिको निष्फलताले गर्दा व्यवस्था नै चर्को आपूर्ति अभावको चपेटामा पर्नुअघि मुद्रास्फिति बढ्छ । अमेरिकामा पनि यस्तो हुनसक्छ ।

अहिलेसम्म मौद्रिक नीतिलाई बढीमा भुत्ते साधन मानिन्थ्यो । शून्यप्रायः ब्याजदरले समेत लगानी उकास्न सकेन । धेरैले ब्याजदरलाई ऋणात्मकतिर झार्नुपर्ने बताउँदै छन् । यस्तो गरिहालेमा त्यसलाई लामो समयसम्म कायम राख्न गाह्रो हुने थियो । किनभने, सम्भावित लगानीकर्तालाई ऋणात्मक ब्याजदर उपलब्ध गराउने कुनै पनि वित्तीय व्यवस्थाले आफ्ना जम्माकर्ताहरूलाई धनात्मक ब्याजदर दिइरहन सक्दैन । निक्षेपकर्ताहरूलाई पनि ऋणात्मक ब्याजदर दिनुपर्ने हुन्छ । त्यस्तो अवस्थामा व्यक्तिले वित्तीय संस्थामा पैसा जम्मा गर्नेछैन । बरु उसले आफूसँग नगद राख्नेछ ।

लगानी बढाउन शून्यप्रायः ब्याजदर पनि प्रभावहीन हुने देखियो । तर, यसले माल कारोबारमार्फत मुद्रास्फिति निम्त्याउँछ । यसले पुँजीवादी व्यवस्थालाई मूलतः विश्व वित्तीय व्यवस्थाको प्रभुत्वमुनि छोडिदिन्छ । पुँजीवादी व्यवस्थासँग कुल माग बढाउने कुनै उपाय बाँकी रहँदैन । नेतृत्वदायी पुँजीवादी देश पनि उत्तिकै निरीह बन्छ ।

श्रमको उत्पादकत्वहरूको अवस्था विश्वभरि बढे पनि बेरोजगारी कायम भइराखेको खण्डमा विश्व अर्थतन्त्रमा वास्तविक ज्यालाको अवस्था झन्डै स्थिर रहन्छ । यसले गर्दा विश्वभरिको उत्पादनमा अतिरिक्त उपजको भाग बढ्ने हुन्छ । यसले विश्व अर्थतन्त्रलाई अति उत्पादनको अझ गहिरो सङ्कटतिर धकेल्छ । त्यति नै बेला कुल माग बढाउने वा सङ्कटसँग जुझ्ने कुनै उपाय वा साधन नहुँदा विश्व पुँजीवाद वर्षौँसम्म बेरोजगारीको स्थितिमा फस्छ । यसले पुँजीवादी शासन सत्ताहरू अस्थिर भइरहन्छ । भारतको जस्तो अर्थतन्त्रमा यस्तो स्थितिको असर निकै गहिरो र व्यापक पर्नेछ ।

*(प्रभात पटनायक भारतीय राजनीतिक अर्थशास्त्री हुन् । एमआर अनलाइनबाट)*

## पुँजीवादको...

स्वतन्त्र सामाजिक वर्ग'का रूपमा स्थापित भइसकेको थियो । आफ्नो मुक्तिका लागि पुँजीवाद विरुद्ध तीव्र संघर्ष गर्दै थियो, त्यस वर्गलाई 'पुँजीवाद आफैले जन्माएको आफ्नो काल' भनी सर्वहारा वर्गलाई क्रान्तिको अग्रणी लडाकुका वर्गका रूपमा परिभाषित गर्नुभयो । यस संघर्षका लागि त्यस वर्गलाई राजनैतिक रूपमा संगठित गर्न र राजनैतिक संघर्षका लागि सैद्धान्तिक हतियारसहित संघर्षको स्पष्ट लक्ष्य, रणनीति र कार्य नीति आवश्यक थियो । मार्क्स र एंगेल्सले 'कम्युनिष्ट घोषणापत्र' मार्फत त्यही काम गर्नुभयो । जसको निचोड थियो सर्वहारा वर्गले राज्यसत्ता आफ्नो हातमा नलिएसम्म उसको मुक्ति सम्भव छैन । आफ्नो मुक्तिका लागि, सर्वहारा वर्गले सर्वप्रथम राज्यसत्ता आफ्नो हातमा लिएर 'आफ्नो मुक्ति आफै गर्नु पर्दछ' ।

मार्क्सद्वारा प्रस्तुत यी मूल प्रस्थापना आज पनि त्यत्तिकै सत्य छन् जति त्यस बेला थिए । सर्वहारा वर्गका आन्दोलनको सार अहिले पनि आफूलाई पुँजीको शोषण र साधन विहीनताको अवस्थाबाट मुक्त गर्नु हो । मार्क्स पछिको कालखण्डमा पुँजीवादको तीव्र विकास भए छ । तर, पुँजीद्वारा श्रमका शोषणको अवस्थामा कुनै सारभूत परिवर्तन भएको छैन, बल्की त्यसको सघनता र विस्तारमा अभूतपूर्व वृद्धि भएको छ । विगतमा सर्वहारा वर्गको सशक्त आन्दोलन तथा समाजवादी देशहरू र सशक्त समाजवादी शिविरको उपस्थितिका कारण सर्वहारा वर्गले एकपछि अर्को गरी कतिपय उपलब्धि हासिल गरेका थिए । तर, अहिले सोभियत संघ र समाजवादी शिविरको पतन पछि ती सुधार तथा सुविधा क्रमिक रूपमा खोसिँदै छन् र वर्गीय शोषणका केही नयाँ रूप, तरीका र माध्यम समेत अगाडि आएका छन् । ज्यालादारी श्रमको शोषण र अतिरिक्त मूल्य उत्पादन झन् सघन भएको छ । मार्क्सले भने जस्तै पुँजीवादी संरचनामा श्रम र ज्यालाका सम्बन्ध रहेसम्म श्रमको शोषणबाट अतिरिक्त मूल्यको उत्पादन र नाफा आर्जनको पुँजीवादी चरित्र स्वतःस्फूर्त रूपमा समाप्त हुन सक्दैन । त्यसका लागि यस सामाजिक-आर्थिक संरचनालाई नै परिवर्तन गर्नु पर्दछ । सारभूत रूपमा अवस्था आज पनि त्यही हो । उत्पादक शक्तिको विकाससँगै पुँजीवादको विकास, विस्तार र स्वरूपमा परिवर्तन आउनु विकास प्रक्रियाले उपस्थित गर्ने स्वाभाविक परिणाम हुन् । अहिले यस्ता परिवर्तन भएका छन् र भइनै रहने छन् । तर, जन्म-विकास-विन्यास द्वन्द्ववादको सार हो । पुँजीवाद एकतर्फ विकसित पनि भइरहेको छ भने अर्कोतर्फ उसभित्रै अन्तर्निहित द्वन्द्वका कारण आफ्नो अन्ततिर पनि गइरहेको छ । यो समाजका द्वन्द्वात्मक विकासको सार, गति र दिशाको सार्वभौम चरित्र हो ।

सत्य हो, मार्क्सको समय भन्दा आज अवस्था परिवर्तन भएको छ । तर, हेर्नु पर्ने कुरा के हो भने आज पनि पुँजीवादी देशहरूमा वर्ग विभाजन छ कि छैन ? श्रमिक वर्ग श्रमका साधनहरूबाट वञ्चित रहेको अवस्था विद्यमान छ कि छैन ? पुँजीले श्रमको शोषण गरी सञ्चित गरेको अतिरिक्त उत्पादनमाथि कसको स्वामित्व छ ? समाजको वा व्यक्तिको ? मार्क्सले समाज विकासको प्रवृत्तिका सार्वभौम प्रस्थापना र वर्गसंघर्षको सिद्धान्त विगतदेखि त्यस समय सम्मका सिंगो वर्गीय उत्पादन प्रणालीको सार र निचोडको रूपमा प्रस्तुत गरेका आधारभूत प्रस्थापना हुन् । कुनै देश विशेष वा संरचना विशेषको चरित्रको आधारमा निकालिएका निचोड होइनन् । पुँजीवादी विकासको सिङ्गो चरणमा न कहिले वर्गविहीन अवस्था थियो न हुन सक्छ । न वर्गीय उत्पादन प्रणालीमा उत्पादनको सामाजिक चरित्र र उपभोगको व्यक्तिगत चरित्र नै समाप्त हुन्छ । यसको समाप्तिका लागि श्रमिक वर्गले हजारौं वर्षदेखि गर्दै आएको संघर्षमा अन्तिम विजय प्राप्त गरेपछि मात्र यो समाप्त हुने छ ।

अहिले विज्ञान र प्रविधिको विकाससँगै उत्पादक शक्ति, विशेष गरी ज्यालादारी श्रमिक वर्गको पनि अभूतपूर्व विकास भएको छ र ज्यालादारी श्रमिकका नयाँ रूप र नयाँ क्षेत्र अगाडि आएका छन् । सूचना प्रणालीको विकासले संसारलाई परस्पर जोडेको छ । यी उपलब्धि र विकासको परिणाम केवल पुँजीवादको पक्षमा मात्र गएका भन्ने कुरा होइन, यसले त्यत्तिकै मात्रामा स्वयम् मजदुर वर्गको चेतनाको विकास, सांगठनिक क्षमताको विकास, ज्यालादारी श्रमका विभिन्न फाँट तथा श्रमजीवी वर्गका विभिन्न नयाँ तप्काहरूको जन्म र संख्यात्मक विकास पनि गरेको छ । परिणाम स्वरूप एकतर्फ मजदुर वर्गको आयतनमा वृद्धि भएको छ भने अर्कोतर्फ कार्यक्षेत्र र कामका अवस्थाहरूको विविधताले मजदुर वर्गको राजनैतिक चेतना, सांगठनिक क्षमता तथा कार्यकुशलतामा समेत विकास गरेको छ । अर्कोतर्फ पुँजी, उत्पादन र वितरण प्रणालीको अति केन्द्रीकरण तथा विज्ञान तथा प्रविधिमाथि पुँजीको आधिपत्यले श्रमको अभूतपूर्व शोषण भइरहेको छ । उत्पादन प्रक्रियाको यान्त्रीकरण र रोबोटाइजेशनले मजदुर वर्गका रोजगारीको अनिश्चितता बढेको छ । यस अवस्थाले एकतर्फ सर्वहारा वर्गको लडाकुपनमा कमी ल्याउन सक्ने अवस्था छ भने अर्कोतर्फ बेरोजगारीको चरम अवस्थाले जन्माउने 'स्वतन्त्र श्रम सेनाको नयाँ अवस्थामा सशक्त र संगठित श्रमिक आन्दोलन संगठित गर्न सकिने त्यतिकै सबल आधार पनि निर्माण गर्दैछ ।

अहिले मजदुर वर्गमा यी दुइटै प्रवृत्ति र अवस्था देखिएका छन् । यसका साथै लेनिनले सर्वहारा वर्गको निकटस्थ सहयोगी भनी परिभाषित गरेको र मार्क्सले कृषक वर्ग भनी सम्बोधन गरेको कृषक वर्ग आज त्यही रूपमा छैन । कृषि क्षेत्रको पुँजीवादीकरणले कृषि मजदुर नयाँ वर्गको रूपमा परिणत भएको छ । यस अवस्थामा कृषक वर्गलाई श्रमिक आन्दोलनको अङ्ग बनाउन किसान आन्दोलनलाई नयाँ रूपमा परिभाषित गर्नु पर्ने आवश्यक छ । सेवा क्षेत्र, सञ्चार, बैंकिग क्षेत्र तथा विज्ञान र प्रविधिको क्षेत्रमा अस्तित्वमा आएका नयाँ ज्यालादारी श्रमिक वर्गको मनोविज्ञान आम सर्वहारा वर्गभन्दा भिन्न छ । यस अवस्थामा यी सम्पूर्ण फाँटमा कार्यरत श्रमजीवी वर्ग तथा साम्राज्यवाद विरोधी मानवतावादी बौद्धिक वर्ग तथा अभियानहरूलाई वर्तमान साम्राज्यवाद विरोधी संघर्षको एउटै मञ्चमा उभ्याउन आवश्यक छ । तर, यसका लागि साझा कार्यनीति र नारा ठम्याउन आफैमा भने जति सजिलो काम छैन ।

आफ्नो रचना 'कम्युनिज्मका सिद्धान्त'मा सर्वहाराको परिभाषा दिँदै एंगेल्सले लेखेका छन्– 'सर्वहारा समाजको त्यो वर्ग हो जसले आफ्नो जीवन यापनका लागि चाहिने सम्पूर्ण आवश्यकताहरू एक मात्र आफूसँग भएको श्रम विक्री गरी खरिद गर्दछ ।' आज सर्वहाराको यस परिभाषा अन्तरगत केवल हिजोका कारखाना मजदुर (सर्वहारा) मात्र रहेनन् बल्की कारखानाहरूमा काम गर्ने हिजोका ह्वाइट कलर मजदुर, व्यवस्थापक समूह, विज्ञान तथा प्रविधिको क्षेत्रमा ज्यालादारी श्रम गरिरहेको बौद्धिक श्रमिक तपका तथा सेवा क्षेत्रमा श्रम बेचिरहेका ज्यालादारी श्रमिकका विभिन्न समूह थपिएका छन् । श्रमजीवी वर्गका यी तमाम तप्काहरू पनि पुँजीको शोषणको त्यही मारमा छन् । जस्तो मारमा कारखाना, खानीहरू, निर्माण वा अन्य क्षेत्रमा शारीरिक श्रम बेच्ने श्रमिक वर्ग छ । अतः आज सर्वहारा वर्गको हिजोको परिभाषा र सीमालाई पुनर्परिभाषित गर्नु पर्ने आवश्यकता छ । पुँजी बजारमा आफ्नो शारीरिक र मानसिक श्रम बेची बाँची रहेका श्रमिकहरूको समष्टि नै आजको सर्वहारा वर्ग हो । आजको कम्युनिष्ट आन्दोलनले पनि आफ्नो परिभाषा र कार्यक्षेत्रलाई पुनर्परिभाषित गर्नुपर्ने आवश्यकता छ । मजदुर वर्गका यी तमाम तप्काहरूलाई संयुक्त मजदुर आन्दोलनको दायराभित्र समेट्न कम्युनिष्ट पार्टीहरू हिजोको परिभाषा अनुसारको 'सर्वहारा वर्गको अग्रणी दस्ता'मात्र भएर यस नयाँ चरणमा श्रमिक वर्गको मुक्ति आन्दोलन हाँक्न सक्दैनन् । अबको कम्युनिष्ट आन्दोलनले सम्पूर्ण श्रमजीवी, शोषित पीडित तथा सीमान्तकृतहरूको र सम्पूर्ण साम्राज्यवाद विरोधी शक्तिहरूको 'अग्रणी दस्ता'को रूपमा आफूलाई स्थापित गर्न सक्नु पर्दछ । यो नयाँ अवस्थाले प्रस्तुत गरेको माग हो ।

# ‘असीमित मूल्यवृद्धिको शिकार भइरहेका नेपाली जनतामाथि महँगीको अर्को बोकिनसक्नुको भार थप्नु अन्यायपूर्ण’

## *‘पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता लिइयोस् !’*

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले ‘पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता लिइयोस् !’ शीर्षकमा एक वक्तव्य जारी गर्दै विगतमा समेत गरिएको मूल्यवृद्धि अविलम्ब फिर्ता गर्न जोडदार माग गर्नुभएको छ ।

वक्तव्यमा भनिएको छ, ‘ असीमित मूल्यवृद्धिको शिकार भइरहेका नेपाली जनतामाथि महँगीको अर्को बोकिनसक्नुको भार थप्नु अन्यायपूर्ण काम भएकाले अहिले वृद्धि गरिएको मूल्य फिर्ता लिनुका साथै विगतमा भएको मूल्यसमेत घटाउन हामी जोडदार माग गर्दछौं ।’




वक्तव्यमा भनिएको छ, ‘सरकारले अन्यायपूर्ण किसिमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर महँगीलाई चरमरूपमा बढाउने काम गर्दै आएको छ र त्यसको विरोधमा समाजका विभिन्न वर्ग र तप्काका जनताहरू विभिन्न प्रकारका सङ्घर्षमा उत्रिँदै आएका छन् । पुरानै मूल्यवृद्धिलाई घटाउन सञ्चालन गरिएका सङ्घर्ष र उचित मागहरूको उपहास गर्दै सरकारले आधारातदेखि लागु हुने गरी झन् पेट्रोल र डिजेलमा प्रतिलिटर तीन रूपैयाँ मूल्यवृद्धि गरेको छ । असीमित मूल्यवृद्धिको शिकार भइरहेका नेपाली जनतामाथि महँगीको अर्को बोकिनसक्नुको भार थप्नु अन्यायपूर्ण काम भएकाले अहिले वृद्धि गरिएको मूल्य फिर्ता लिनुका साथै विगतमा भएको मूल्यसमेत घटाउन हामी जोडदार माग गर्दछौं ।’

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**
**Desh Bhakta Jana Ganatantrik Morcha, Nepal**
केन्द्रीय समिति
Central Committee
स्था.: (Estd.: 2016)

(देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल — केन्द्रीय समिति (Central committee) स्था.: २०७३ (Estd.: 2016) Desh Bhakta Jana Ganatantrik Morcha Nepal)

मिति (Date) : २०७८/१०/०६

**पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता लिइयोस् !**

सरकारले अन्यायपूर्ण किसिमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर महँगीलाई चरमरुपमा बढाउने काम गर्दै आएको छ र त्यसको विरोधमा समाजका विभिन्न वर्ग र तप्काका जनताहरु विभिन्न प्रकारका सङ्घर्षमा उत्रिँदै आएका छन् । पुरानै मूल्यवृद्धिलाई घटाउन सञ्चालन गरिएका सङ्घर्ष र उचित मागहरुको उपहास गर्दै सरकारले आधारातदेखि लागु हुने गरी झन् पेट्रोल र डिजेलमा प्रतिलिटर तीन रुपैयाँ मूल्यवृद्धि गरेको छ । असीमित मूल्यवृद्धिको शिकार भइरहेका नेपाली जनतामाथि महँगीको अर्को बोकिनसक्नुको भार थप्नु अन्यायपूर्ण काम भएकाले अहिले वृद्धि गरिएको मूल्य फिर्ता लिनुका सार्थ विगतमा भएको मूल्यसमेत घटाउन हामी जोडदार माग गर्दछौं ।

सी.पी. गजुरेल
अध्यक्ष

# दर्जनौं नेता कार्यकर्ता विप्लव र किराती नेतृत्वको पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा ध्रुविकृत




काठमाडौं । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा र गोपाल किराती नेतृत्वको माओवादी कम्युनिस्ट पार्टी, नेपाल परित्याग गरी दर्जनौ नेता कार्यकर्ताहरू मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकृत हुनुभएको छ । क्रान्तिकारी माओवादीको पार्टी कार्यालय ललितपुरको कुपण्डोलमा भएको एक कार्यक्रममा ध्रुवीकृत हुनु भएको हो । उहाँहरूलाई क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले खादा ओढाएर पार्टीमा स्वागत गर्नुभएको थियो ।

विप्लव नेतृत्वको पार्टीका युवा नेता तथा रेडियो मिर्मिरेका सञ्चालक घनश्याम श्रेष्ठ पुस्कर, तारा थापा, केदार खतिवडा, जीपी चौलागाई, ज्ञानेन्द्र बुढाथोकी, रामबहादुर तिरुवा, प्रभात भट्टराई, हिरा शाही, युवराज पराजुली, शिवहरी घिमिरे, मेलम योञ्जन र माओवादी कम्युनिस्ट पार्टी, नेपालका सचिवालय सदस्य विमल निरौला, केन्द्रीय सदस्यहरू प्रकाश राई, अप्सरा बानियाँ र गणेश निरौला क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुनु भएको हो ।

उहाँहरूले नेत्रविक्रम चन्द विप्लवले क्रान्तिकारी कार्यदिशा छोडेर सुधारवादी कार्यदिशा (जनमत संग्रहबाट वैज्ञानिक समाजवादको स्थापना गर्ने कार्यदिशा) समातेको र गोपाल किरातीले विपश्वनालाई पार्टीको कार्यदिशा बनाएर शुन्यवादी कार्यदिशा समात्न पुगेकोले क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुन आइपुगेको बताउनु भयो । उहाँहरूले कम्युनिस्ट पार्टीको आवरणमा अवसरवादी कार्यदिशा अँगाल्न पुगेको नेतृत्वका विरुद्ध विचारधारात्मक संघर्ष सञ्चालन गर्दै जाँदा आफूहरूलाई नेपाली विशिष्टतामा आधारित आम सशस्त्र जनविद्रोहमार्फत् नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्ने मोहन वैद्य किरण नेतृत्वको पार्टीको कार्यदिशा नै सही, वैज्ञानिक र क्रान्तिकारी लागेकोले अहिलेको दलाल संसदीय व्यवस्था बदल्ने संकल्पसहित क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुन आइपुगेको पनि बताउनु भयो ।

कार्यक्रममा विप्लव नेकपा परित्याग गरेर आएको टिमको नेतृत्व गर्दै पुस्कर श्रेष्ठ र किराती नेतृत्वको पार्टी परित्याग गरेर आएको टिमको नेतृत्व गर्दै विमल निरौलाले मन्तव्य राख्नुभएको थियो । उहाँहरूले ती पार्टी परित्याग गर्दै क्रान्तिकारी माओवादीमा आवद्ध हुन पुग्नुको कारणसमेत स्पष्ट पार्दै प्रेस विज्ञप्ति समेत जारी गर्नुभएको छ ।

उहाँहरूलाई पार्टीमा स्वागत गर्दै क्रान्तिकारी माओवादीका महासचिव किरणले मोहनविक्रम सिंह र विप्लव नेतृत्वको पार्टीसँग पार्टी एकताका लागि धेरै पटक प्रयास गरेपनि उनीहरूले खासै जाँगर नदेखाएको खुलासा गर्नुभयो । र, अब एकता र ध्रुवीकरणको प्रक्रिया सुरु भएको बताउनु भयो । क्रान्तिकारी र अवसरवादीहरूको कित्ता छुट्टिदै गएको बताउनु हुँदै अब क्रान्तिकारी माओवादी छलाङ हान्दै अगाडि बढ्ने पनि उद्घोष गर्नुभयो । क्रान्तिका लागि क्रान्तिकारीहरूको एकता र ध्रुवीकरण अपरिहार्य रहेको कुरामा उहाँले जोड दिनुभयो ।

पुनर्मिलन नाम दिइएको कार्यक्रमको अध्यक्षता क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सीपी गजुरेलले गर्नुभएको थियो भने सञ्चालन तारा थापाले गर्नुभएको थियो ।

# पेट्रोलियम पदार्थमा गरिएको मुल्यवृद्धि अविलम्ब फिर्ता गर्न अखिल (क्रान्तिकारी)को जोडदार माग

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले नेपाल सरकार र नेपाल आयल निगमले पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरी कोभिड-१९ बाट ग्रसित नेपाली जनतालाई आहात दिने काम गरिरहेको उल्लेख गर्दै पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता गर्न जोडदार माग गरेको छ ।

वक्तव्यमा भनिएको छ, ‘शेरबहादुर देउवा नेतृत्वको सरकारले पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर कोभिड-१९ बाट प्रताडित नेपाली जनताको ढाड सेक्ने काम गर्दै आइरहेको छ । उक्त कार्यको हाम्रो सङ्गठन घोर निन्दा एवम् भत्सर्ना गर्दछ, जसले जनताको दैनिकी चल्न नसक्ने र चुल्होसमेत नबल्ने अवस्था सिर्जना हुन पुगेको छ, जसकारण पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि अविलम्ब फिर्ता गर्न नेपाल सरकार र नेपाल आयल निगमसँग जोडदार माग गर्दछौं ।’

संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले जारी गरेको वक्तव्यमा यही माघ ५ गते चक्रवर्ती हवि इन्टरनेसनल कलेजमा बी.ए.एल.एल.बी. चौथो समेस्टरका परीक्षार्थीहरूले कान्तिपुर इन्टरनेसनल कलेज, बुद्धनगरमा परीक्षा दिने सवालमा कोभिड-१९ सङ्क्रमित भएका र नभएकाहरूलाई एकै ठाउँमा नराखी छुट्टाछुट्टै राखेर परीक्षा सञ्चालन गर्नुपर्छ भन्दा उल्टै परीक्षार्थीहरूलाई अन्धाधुन्द प्रहरी प्रशासनमार्फत् लाठी प्रहार गरी घाइतेसमेत बनाइएकोमा हाम्रो सङ्गठन उक्त कार्यको घोर निन्दा र भत्सर्ना समेत गरिएको छ ।

त्यसैगरी वक्तव्यमा हिमालयन ह्वाइट हाउसलगायत कलेजहरूमा समेत यस्ता गतिविधिहरू भएको हुँदा अविलम्ब त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालयलगायत सबै विश्वविद्यालय मातहतका कलेजहरूमा सञ्चालन गरिने परीक्षाहरूमा कोभिड र ननकोभिडका परीक्षार्थीहरूलाई छुट्टाछुट्टै स्थानमा राखी स्वास्थ्य मापदण्ड पालना गराई परीक्षा दिने र असक्त बिरामी परी परीक्षामा सहभागी हुन नसकेका विद्यार्थीहरूको सवालमा पुनः परीक्षाको व्यवस्था मिलाउनसमेत जोडदार आग्रह गरिएको छ ।

वक्तव्यको अन्तमा भनिएको छ, ‘अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल अत्यन्तै जटिल र गम्भीर बन्दै गइरहेको छ । लिपुलेक क्षेत्रमा खुल्लमखुलासडक विस्तार गरिएको कुरा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताइरहँदा नेपाल सरकार निरीह देखिन्छ । यसले आफ्नो सीमाको रक्षा गर्न नेपाल सरकार असक्षम भएको प्रष्ट हुन्छ । अझै शेरबहादुर देउवा नेतृत्वको सरकार राष्ट्रघाती एम.सी.सी. सम्झौता संसद्बाट अनुमोदन गराउन मरिहत्ते गरेर लागिरहेको छ । जताततै लुट, भ्रष्टाचार, महँगी, तस्करी, बलात्कार, हत्या, हिंसालगायत समस्याहरू विकराल बनिरहँदा पनि नेपाल सरकार निकम्मा बनिरहेको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा दलालीकरण र माफियाकरण हावी हुँदै गइरहेको छ तर सरकार र सम्बन्धित निकाय तिनै दलाल र माफियाहरूको चङ्गुलमा फस्न पुगेका छन् । अहिलेका यी समग्र परिस्थितिबाट यो पुष्टि हुन्छ कि वर्तमान सरकार, सत्ता र व्यवस्था पूर्णरूपमा असफलसिद्ध भइसकेको छ । जनताको सशस्त्र विद्रोहमार्फत् अब नयाँ जनवादी राज्यव्यवस्था स्थापना गरी वैज्ञानिक समाजवादमा अघि बढ्नुपर्ने अपरिहार्यता छ । यसका लागि तयार रहन आम विद्यार्थी, शिक्षक, युवा, मजदूर, किसान, अभिभावकलगायत सम्पूर्ण जनसमुदायलाई हार्दिक अपिल गर्दछौं ।’

## एमसीसी...

जोडिएको मुलुक भएकाले चीनका लागि महत्वपूर्ण छ यही कारणले नै अमेरिकाका लागि पनि महत्वपूर्ण छ । त्यसकारण अमेरिकाले नेपालका विभिन्न रणनीतिक र सामरिक महत्वका ठाउँहरू नियन्त्रण गरेर ति ठाउ हरूलाई भोलिको निम्ति युद्ध मैदान बनाउन चाहन्छ !

यस अघि पूर्वी र दक्षिण एशियाली देशहरूलाई हेर्ने अमेरिकी रणनीतिलाई एशिया प्यासिफिक रणनीति भनिन्थ्यो ! चीनको उदयले भारत र अमेरिकालाई बृहत्तर रणनीतिको एकै धरातलमा उभ्याइदियो । सन् २०१७ मा तत्कालिन अमेरिकी रास्ट्रपति डोनाल्ड ट्रम्पले भारतलाई यो रणनीतिमा सामेल गरेपछि भारतलाई महत्व दिदै यसको नाम ईन्ड़ो प्यासिफिक राखियो ! ‘इन्डो’ शब्दले इन्डोनेसियादेखि भारतसम्म (इन्डिया) र उनीहरूको प्रभाव क्षेत्रका देश र हिन्द महासागरलाई जनाउछ ! अमेरिका प्रशान्त महासागरमा अवस्थित राष्ट्र मानिन्छ । त्यसकारण ईन्ड़ो प्यासिफिक रणनीति एशिया प्यासिफिक रणनीतिकै निरन्तरता हो !

भनिन्छ, डिसेम्वर २०१८ मा तत्कालिन परराष्ट्र मंत्री प्रदिप ज्ञवालीलाई अमेरिका वोलायर हस्ताक्षर गरायर नै अमेरिकाले नेपाललाई इन्डो प्यासिफिक रणनीतिमा समावेस ग-यो ! फलस्वरूप लगत्तै अमेरिकाले नेपाली सेनालाई दुई ‘स्काइ ट्रक’ उपहार दियो ! साथै अमेरिकाको इन्डोप्यासिफिक कमान्डका सैनिकसँग नेपाली सेनालाई मुस्ताङमा संयुक्त सैन्य अभ्यास पनि गरायो । ईन्ड़ो प्यासिफिक रणनीति वास्तवमा ‘नर्थ एटलान्टिक ट्रिटी अर्गनाइजेशने’ अर्थात ‘नाटो’ को अर्को र नयाँ रूप हो । कुनै दिन सोभियत सङ्घलाई घेर्नको निम्ति अमेरिकाले ‘नाटो’ बनाएको थियो । अहिले चीनलाई घेर्नको निम्ति उसले ईन्ड़ो प्यासिफिक रणनीति निर्माण गरेकोछ ।

ईन्ड़ो प्यासिफिक रणनीतिले ३ वटा कामहरू अर्थात आर्थिक, राजनैतिक र सामरीक काम गर्ने निश्चित भए पछि एमसीसीलाई पनि ईन्ड़ो प्यासिफिक रणनीति अन्तर्गत नै ल्याईयो ! ईन्ड़ो प्यासिफिक रणनीति अन्तत : अमेरिकाको फौजी रणनीति हो ! यसको संचालन अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गर्दछ ! फौजी रणनीतिलाई सफल पारेर राजनैतिक अभिस्ट पुरा गर्नको निम्ति सबभन्दा पहिले आर्थिक रणनीति पुरा गर्नुपर्ने हुन्छ ! त्यसकारण फौजी ,राजनीतिक र आर्थिक यी तिन वटै रणनीतिमा सफलता प्राप्तिको निम्ति एउटा सशक्त ’युनिफाईड कमाण्ड’ को आवस्यकता पर्दथ्यो ! वास्तवमा यहि कारणले पनि एमसीसीलाई ईन्ड़ो प्यासिफिक रणनीति अन्तर्गत ल्याईयो !

एमसीसीका पक्षधरहरूको भनाई के छ भने ईन्ड़ो प्यासिफिक रणनीति भन्दा एमसीसी पहिले स्थापना भएको हो त्यसकारण एमसीसी ईन्ड़ो प्यासिफिक रणनीति अन्तर्गत पर्दैन ! हो, ईन्ड़ो प्यासिफिक रणनीति भन्दा एमसीसी पहिले स्थापना भएको कुरा सत्य हो तर त्यही आधारमा एमसीसी ईन्ड़ो प्यासिफिक रणनीति अन्तर्गत पर्दैन भन्नु हास्यास्पद हुन् जान्छ ! अमेरिकाले आर्थिक रूपमा चीनलाई विश्व महाशक्ति बन्न वाट रोक्ने उद्देश्यका साथ् स्थापना गरेको एमसीसीलाई उही उद्देस्य प्राप्तिको निम्ति अझै ठुलो योजना सहित स्वयं अमेरिकालेनै बनाएको ईन्ड़ो प्यासिफिक रणनीति अन्तर्गत कुनैपनि दिन ल्याउनु ,आऊनु कुनै ठुलोकुरा होईन !

अमेरिकी विदेश मन्त्रालय द्वारा सन २०१९ नोभेम्बर ४ मा प्रकाशित भएको इन्डोप्यासिफिक रिपोर्टको पेज नम्बर १३ मा प्रस्ट संग उल्लेख भए अनुसार एमसिसी इन्डो प्यासिफिक रणनीतिको अंग भएको पुस्टि हुन्छ । आफ्नो नेपाल भ्रमणका क्रममा दक्षिण एसिया मामिला सम्बन्धी अमेरिकी विदेश उपमन्त्री डेभिड रान्चले एमसीसी अन्तर्गत नेपालले प्राप्त गर्ने ५ सय मिलियन अमेरिकी डलर इन्डो प्यासिफिक रणनीतिकै अभिन्न अंग भएको बताएका थिए । त्यस्तै अमेरिकी राजदुतले नेपालको एउटा टेलिभिजन संगको अन्तर्वार्तामा प्रस्ट संग भनेकाछन एमसीसी ईन्डोप्यासिफिक रणनीति अन्तर्गतको हो ! त्यसकारण एमसीसी ईन्डोप्यासिफिक रणनीतिको एउटा अंग हो भन्नेकुरामा कसैलाई कुनै शंका रहेन ! बरु एउताकुरा के सत्य हो भने ईन्ड़ो प्यासिफिक रणनीति ईन्ड़ो प्यासिफिक क्षेत्रका देशहरू संग मात्र सिमित छ भने एमसीसीलाई बिस्व ब्यापिकरण गरियकोछ ! *क्रमशः ...*

# माओका १६ बुँदा : कम्युनिस्ट कार्यकर्ताले कसरी काम गर्ने ?

जोसुकैले पनि पार्टीको आमदिशालाई समर्थन गर्दछन् । पछिल्लो वर्ष प्रमुख राजनीतिक लक्ष्य आमदिशालाई परिभाषित गर्नु थियो । तर, हामीले आशा गरेजति सम्भव भएन । यो हाम्रो कामको तरिकासम्बन्धी प्रश्न हो ।

**यहाँ कामको तरिकासम्बन्धी सोह्र बुँदा दिइएको छ**

*१. समझदार बन, निर्णायक बन*

हाम्रा केही कामरेडहरूमा बिलकुलै सुझबुझ छैन र निर्णय पनि लिन सक्दैनन् । सुझबुझ हुनुको अर्थ हो कि तपाई मातहत, सचिव, कारखाना म्यानेजर, मजदुर तथा किसानका अलग-अलग राय सुन्ने इच्छा राख्नुहोस् र खासगरीकन अलग विचार सुन्न तयार हुनुहोस् ।

*२. केही सम्भावना देख*

एउटा आम कथन के छ भने हामीले भावी कामको लागि सम्भावना देख्नुपर्छ । काममा केही लचिलोपनको सम्भावना देख्नु महत्वपूर्ण हुन्छ । क्वमिन्ताङ सेनाविरुद्ध कार्वाही गर्दा हामीले तिनीहरूलाई दमन गर्न उनीहरूभन्दा कैयौं गुना बढी सैनिकलाई एकत्रित गर्दथ्यौं । बिना तयारी हामी कुनै लडाईं लड्दैन थियौं । समाजवादी निर्माण र नियोजनको लागि पनि काममा हामीले सम्भावना देख्नुपर्दछ । हाम्रो काम हाम्रो योजनाभन्दा महत्वपूर्ण हुनुपर्दछ। हामीले यो सम्भवना देख्नुपर्छ कि जनसाधारणले योजनाभन्दा पनि अगाडि बढेर काम गरून् । यदि लक्ष्य निकै नै ठूलो छ भने त्यहाँसम्म पुग्न कठिन हुनेछ, त्यसलाई पार गर्नु त टाढैको कुरा हो । उत्पादन टिमको प्रमुखको अक्सर भनाइ के छ भने '१०,००० को लक्ष्य हाम्रो लागि ठूलो कुरा हैन, तर असफलताको एक सम्भावनालाई प्रतिवाद गर्न १०, ००० सित हामी डराउँछौ ?' अतीतमा यो भनाइले काम गर्ने मजदुरहरूलाई काममा उत्साहित गर्न खराब असर गर्दथ्यो । यदि हामीले जानीबुझीकन जनसाधारणलाई उत्पादन लक्ष्य पार गर्न दिने हो भने तिनीहरू उत्साहित हुनेछन् र पहिलेभन्दा पनि बढी कठोर परिश्रम गर्नेछन् । यसको साथै हामीले उत्पादनप्रति पनि ध्यान केन्द्रित गर्नुपर्दछ किनकि कुनै पनि चीजप्रति ध्यान केन्द्रित भएन भने यसको अर्थ हुन्छ - त्यसप्रति कुनै पनि नीति नै छैन । यसरी नै साहित्य र कला कर्मको क्षेत्रमा पनि त्यही कुरा सत्य हो । कुनै पनि नाटक प्रदर्शनमा दर्शकहरूद्वारा सोचविचार, चर्चा गर्ने ठाउँ राखिदिनुपर्दछ । यदि नाटकको पहिलो अङ्क देखेपछि तपाईलाई दोस्रो अङ्कमा के हुँदैछ भन्ने कुरा थाहा हुने हो भने प्रदर्शन असफल हुनेछ । यसै किसिमले वक्तालाई केही कुरा नभनिकनै छाडिदिनुपर्दछ ।

*३. छालको गति सरह अघि बढ*

१९५७ मा हामीले दुस्साहसवादको विरोध गर्यौं । परिणामतः प्रगतिको स्तर एकदम तल झर्यो र फेरि घोडाको काठीजस्तै माथि उठ्यो । त्यस वर्ष हामीले उत्पादन लक्ष्य तल झार्नु परेको थियो । काम छालको गतिमा अघि बढ्न आवश्यक छ । यस वर्ष पनि हामीले उत्पादन लक्ष्य थोरै तल झार्यौं । वृद्धिदर ४० प्रतिशत रहेको छ । यस वर्ष हामीले १ करोड ६५ लाख टन स्टीलको उत्पादन गर्न कटिबद्ध छौं र हामीलाई विश्वास छ कि हामीले कोइलाको कोटा पनि पूरा गर्नेछौं । कृषिको लक्ष्यमा हामीले अन्न र कपासको उत्पादनमा बढी जोड दिनुपरेको छ । आगामी वर्ष, उत्पादनको आँकडा केही कम गर्नुपर्ने हुन सक्छ । १९६१ मा हामीले एउटा महान् अग्रगामी छलाङ्ग मार्न सक्दछौं । 'समाजवादी निर्माणलाई प्रवाहको गतिमा अघि बढाउनु पर्दछ ।' 'स्वर्ग रिसाएपछि मनुष्यको उमेर घट्दछ, जब पृथ्वीमा वसन्त आउँदछ, अनेकौं बरदान घर भित्रिन्छ ।' प्रत्येक दिन ज्वार आउन सक्दैन । म प्रवाहको गतिमा अघि बढ्ने कार्यको विरोधी हैन, तर म दुस्साहसवादको विरोधी हुँ ।

*४. बढीभन्दा बढी प्रभावको लागि प्रयास गर*

बढीभन्दा बढी प्रभावको लागि योजना बनाऊ । परिस्थितिमा परिवर्तन आएअनुसार योजनामा पनि परिवर्तन गर । यदि परिस्थितिमा परिवर्तन भयो भने परिस्थितिअनुसार मानिसको सोचाइमा पनि परिवर्तन हुनुपर्दछ । यदि त्यसो भएन भने ऊ निष्क्रिय अवस्थामा पुग्नेछ । मस्तिष्कलाई जीवावशेष (यककर्ष) बन्न नदेऊ । सामग्रीहरूको मात्रा र मानिसहरूको सङ्ख्याअनुसार योजनाहरूको निर्माण गर । मनोगत रूपले योजनाको निर्माण नगर ।

*५. स्थितिको निरीक्षण गर्न कुशल बन*

आफ्नो मस्तिष्कलाई जीवावशेष (यककर्ष) बन्न नदेऊ । राजनीतिक स्थितिको अड्कल गर्न, मानिसहरूको सोच्ने प्रवृत्तिलाई अनुसन्धान गर्न र आर्थिक स्थिति पत्ता लगाउन सक्षम बन । पे-ताई-हे सम्मेलनमा उच्च लक्ष्य राखिएको थियो । होपे र शानतुङ्गको यात्राको दौरानमा मैले त्यो व्यवहारिक देखिन । चिनियाँ कम्युनिस्ट पार्टीको छैठौं सम्मेलनमा स्टील उत्पादनको लक्ष्य घटाएर दुई करोड टन गरिदियौं । सङ्घाई सम्मेलनमा यसलाई अझ न्यून गरिदियौं । यस किसिमले हामीले कदम-कदम उत्पादनलाई पूरा गर्न योग्य बन्यौं ।

६. ठीक समयमा निर्णय गर

स्थितिको निरीक्षण गर्नाले नै तपाई महत्वपूर्ण मौकामा निर्णय गर्न सक्नु हुनेछ । केही कमरेडले स्थितिलाई सम्पूर्ण रूपले बुझ्न सक्दैनन् । अन्य केही काम गर्ने बेलामा निर्णय त लिन सक्दछन्, तर सही किसिमले निर्णय लिन सक्दैनन् । हुलमुलपन र निर्णयविहिनता खराब कुरा हुन् । निर्णय दृढतापूर्वक लिन आवश्यक छ । कुनै पनि अवसर नगुमाऊ किनकि एकपटक समय गएपछि फेरि फर्केर आउँदैन । कम्युनको समस्याबाट यो निकै स्पष्ट हुन्छ ।

कम्युनको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने कुरा गत वर्ष स्पष्ट भएको थिएन । केही समयको अन्तरालमा २७ जनवरीलाई समस्याको विस्तृत रूपमा विचार गरियो पछि मैले चओ जु-याङ्गको रिपोर्ट पढेँ, फेरि तिएनसिनमा ल्यू



जे-हओ गएँ । शान्तुङ्गमा तान चि-लुङ्ग र लू हुङ्ग पिङ्ग कम्युनमा गएँ । मैले निम्नलिखित समस्याहरू देखेँ, कागजको एक टुक्रा, एक पाना, अलग विचार राख्नेको लागि एक टोपी, चाबीको एक गुच्छा, एक उदघोषण र एक सिँढी । तब मैले टीमद्वारा स्वामित्व राखिएको व्यवस्थाको खोज गरेँ । पछिल्लो सम्मेलनले यस समस्याको समाधान गरिदियो । केही कमरेड आफूभन्दा माथिका साथीहरू र मातहतका साथीहरूसित निकै डराउँछन् । अबदेखि माथिल्लो र मातहतका बीचको स्तर समन्वयात्मक रूपले हल गर्न आवश्यक छ ।

७. विचारलाई व्यक्त हुन देऊ

विचारहरूलाई व्यक्त हुने मौका नदिने हो भने बैठकहरू कामकाजी हुँदैनन् । कुनै पनि विचार-विमर्शभन्दा पहिला त्यसको तयारीको लागि समय चाहिन्छ । केही बैठकहरूमा कुनै विषय हुँदैन । मैले न्यूनतम पनि सय पटक यो कुरा औंल्याए हुँला कि विचार अभिव्यक्त नहुनु गलत हो । कुनै पनि समस्यालाई ढाकछोप नगर । सही अर्थमा समस्या के हो भन्ने कुरा जनतालाई बुझ्नबाट नरोक । समस्या हल गर्नुभन्दा पहिला त्यो समस्याको बारेमा सम्पूर्ण रूपले बुझ्नुपर्दछ र त्यसमाथि चर्चा हुनुपर्दछ ।

*८. गतिरोधलाई तोड*

प्रत्येक रिपोर्टमा कुनै दृष्टिकोण हुनुपर्छ । कुनै समस्यालाई हल गर्न केही वैकल्पिक तरिका सोच । आफ्नो आधारभूत स्थिति, अलग-अलग दृष्टिकोण, समस्याको मूल बिन्दु र वास्तविक कार्य अवस्थाको बारेमा बताऊ । कुनै गतिरोध हुनु हुँदैन ।

*९. अल्पमत होस् । तर, सत्य नछोड*

यदि एकजना व्यक्ति पनि सत्यताको पक्षमा छ भने उसले बहुसङ्ख्यकलाई आफ्नो पक्षमा लिन सक्दछ । लेनिनले के भन्नुभएको छ भने हामीमा उल्टो प्रवाहको विरोध गर्ने, आफ्नो स्वतन्त्र दृष्टिकोण राख्ने र आफ्नो कुरा भन्ने साहस हुनुपर्दछ । हाम्रा केही कमरेड गलत परिणामसित डराउँछन् । तसर्थ हामीले सोचेर तथा साहसी कम्युनिस्ट बोल्ने चरित्रलाई प्रोत्साहित गर्नुपर्दछ । आफू खत्तम हुनसम्म नडराउने साहसी व्यक्तिले मात्र सम्राटलाई घोडाबाट ओराल्न सक्दछ ।

*१०. समस्याहरूलाई ऐतिहासिक दृष्टिकोणबाट हेर*

कुनै पनि योजनालाई परिवर्तन गर्दा त्यो परिवर्तन ऐतिहासिक प्रक्रियाको मातहत हुनुपर्दछ । गत साल हामीले महान् अग्रगामी छलाङ्ग मार्यौं । यदि यो २० प्रतिशत भए यो महान् अग्रगामी छलाङ्ग हो । यदि यो ३० प्रतिशत भए यो निरन्तर जारी महान् अग्रगामी छलाङ्ग हो ।

*११. बुझ्न सकिने शैलीमा लेख*

अर्ध-साहित्यिक र अर्ध-बोलचाल वा अर्ध-शास्त्रीय र अर्ध-आधुनिक शैलीमा नलेख, बुझ्न सकिने शैलीमा जोड देऊ र स्पष्ट रुख अपनाऊ ।

तिब्बतमा विद्रोहको बारेमा न्यू चाइना न्यूज एजेन्सी रिपोर्टहरूमा घटनाहरूको स्पष्ट सिलसिला देखिन्छ । हामीले लेख्दा हाम्रो पार्टी र राष्ट्रको हितलाई ख्याल राख्नुपर्दछ ।

कुनै लेखहरूमा सम्झाउन सक्ने शक्ति हुँदैन । त्यसबाट लेखकहरूलाई आफ्नो कामको क्षेत्रको कुनै स्पष्ट बुझाइ छैन र उनीहरूले जनताको मनोविज्ञानको बारेमा न त जानेका छन्, न त बुझेका छन् भन्ने कुरा थाहा हुन्छ । ताङ्ग वंशका प्रसिद्ध लेखक हान यू गद्य लेखकको रूपमा परिचित छन् । होनानमा उनी स्यू-वू होनानमा रहन्थे । उनले के कुराको वकालत गर्दथे भने आफ्नो शिक्षकको विचार अपनाऊ, तर शिक्षकको शब्दमा हैन । उनी ढर्रा र परम्परा पालना गर्ने कुराको विरोधी थिए । उनले के कुरामा जोड दिए भने हरेकसित आफ्नो विशिष्टता र शैली हुन जरुरी छ र उसले त्यसको आलोचना या प्रशंसाप्रति ध्यान दिनु हुँदैन । समानान्तर निर्माणको बारेमा पान त्सुङ्ग-जुको लेखाई पढ्न कठिन छ । यस्तो लाग्दछ कि उनले जानीजानी आफ्नो लेखलाई पढ्न कठिन बनाएका छन् ।

*१२. जिम्मेवार बन*

आफ्नो हातमा अधिकार भए तपाईंले आदेश दिन सक्नुहुन्छ । साहसपूर्वक जिम्मेवारी पूरा गर, नेतृत्वको अनुसरण गर ।

*१३. गलत चिन्तनबाट मुक्त होऊ*

राक्षससित नडराऊ, लाज नमान, कायर नबन । साहसी र दृढ होऊ । हाम्रा केही कामरेडहरूको चरित्र कमजोर छ । उनीहरू गलत चिन्तनबाट मुक्त भएका छैनन् । उनीहरू दोष हटाउन डराउँछन् । कार्यकर्ताहरूमा सत्यतामा कायम रहने साहस हुनुपर्दछ र उनीहरूले सामन्ती कालको व्यवहारको अनुसरण गर्न हुँदैन । तपाईं के कुरासित डराउनु हुन्छ ? अरु केही होइन यी ६ चीजसित डराउनु हुन्छ - पदबाट बर्खास्त, पदावनती (माथिल्लो पदबाट तल्लो पदमा झर्नु), पार्टीबाट निस्कासन, पत्नीसित छोडपत्र, हत्या र जेल जाने ।

*१४. आलोचनाबारे*

हामी सबै सही कमरेड हौं । कामरेडहरूको बीचको आलोचनाको उद्देश्य सही किसिमले काम गर्ने र काम गर्ने कुशल तरिकाहरूको खोजी हो । आलोचना गर्दा पश्चात्ताप हुन्छ कि भनेर कहिल्यै पनि कल्पना गर्नु हुँदैन । आलोचना तथा आत्मालोचना मानिसहरूलाई शिक्षित गर्ने पार्टीको हतियार हो । हामीसित न त पूर्वजन्मको शिकायत छ, न त भविष्यमा नै हुनेछ । पीडा प्रगतिको लागि एक प्रेरक पक्ष हो ।

*१५. सामूहिक नेतृत्व*

पार्टी केन्द्रीय कमिटीको बैठक केन्द्रीय महत्वको विषय हो । यसका निर्णयहरूलाई जहाँतहीँ सबै ठाउँमा लागु गरिनुपर्दछ ।

*१६. विभिन्न विभागहरू बीचमा सम्बन्ध*

औद्योगिक विभागहरूसित सुदृढ सम्बन्ध कायम गरिनुपर्दछ । तीन राजकीय आयोगहरू (राजकीय योजना आयोग, राजकीय आर्थिक आयोग र राजकीय पूंजीगत निर्माण आयोग) र दुई मन्त्रालयहरू (धातु उद्योग मन्त्रालय र मेसिन निर्माणसम्बन्धी प्रथम मन्त्रालय) सित घनिष्ठ सम्बन्ध हुनुपर्छ ।

**पुँजीवादको वर्तमान चरण : सैन्यकृत एकाधिकारवादी राष्ट्रिय पुँजीवाद**

पुँजीवादको वर्तमान सैन्यकृत राष्ट्रिय एकाधिकार पुँजीवादी स्वरूप एक्काइसौं शताब्दीले बीसौं शताब्दीबाट पाएको उत्तरदान हो । पुँजीवादको क्रमिक विकास र यसमा वेला वेलामा गरिएका संरचनागत परिवर्तनको परिणाम हो । मार्क्सले आफ्नो महान कृति 'पुँजी' र 'अतिरिक्त मूल्यको सिद्धान्त'को रचना गर्दा त्यो स्वतन्त्र प्रतिस्पर्धात्मक पुँजीवादी उत्पादन प्रणालीको चरणमा थियो । लेनिनले आफ्नो समयमा यसलाई पुँजीवादको उच्चतम साम्राज्यवादी चरण भनी व्याख्या गरे र त्यसलाई 'मरणोन्मुख' अवस्था भन्नुभयो । लेनिनका त्यस भनाइको अर्थ तत्काल मर्न लागेको भन्ने अर्थमा बुझ्नु गलत हो, जस्तो धेरैले भन्ने गरेका छन् । यो भनाइ पुँजीवाद आफ्नो अन्तिम चरणमा प्रवेश गरेको छ र यो त्यसको निषेधको चरण हो भन्ने अर्थमा थियो । पुँजीवाद आज त्यसभन्दा बढी विकसित र जटिल अवस्थामा छ । तर, समयसँगै यसको वर्तमान स्वरूप निषेधित हुने छ । यो सामाजिक विकासको शाश्वत नियम हो ।

पुँजीवादका विकासको प्रक्रिया हेर्ने हो भने अठारौं शताब्दीको उत्तरार्द्धमा आधुनिक पुँजीवादको प्रारम्भ भएको मानिन्छ भने आजका मोनोपोली, सिण्डिकेट र कार्टेलङका चरणको सुरुवात १८७३ को पुँजीवादी संकटबाट औद्योगिक क्षेत्र दबाह भएपछि यस संकटबाट पार पाउन पुँजीपतिहरूले उत्पादन र बजारीकरणका क्षेत्रहरू परस्परमा बाँडफाँड गरी कार्टेलिङ सुरु गरेपछि सुरु भएको थियो । स्वतन्त्र पुँजीवादी प्रतिस्पर्धा र असमान विकासको चारित्रिक विशेषताको अध्ययन गर्दै मार्क्सले पहिले नै स्वतन्त्र प्रतिस्पर्धात्मक पुँजीवाद एकाधिकार पुँजीवादमा परिणत हुनेतर्फ संकेत गरी सकेका थिए । त्यस वेलासम्म एकाधिकार गर्भावस्थामै थियो । सन् १९००-०३ को आर्थिक संकटपछि लेनिनको जीवनकालमा यिनै कार्टेलसहरू पुँजीवादी राष्ट्रिय अर्थतन्त्रको एकाधिकारवादी चरित्रको जन्मदाता साबित भए र पुँजीवाद स्वतन्त्र प्रतिस्पर्धाको युगबाट एकाधिकार पुँजीवादको चरणमा प्रवेश गर्यो । यससँगै पुँजी, उत्पादन र वितरण एकाधिकारवादीहरूको हातमा केन्द्रीकृत हुँदै गयो । यस अवस्थालाई मध्यनजर गर्दै लेनिनले लेखे 'औद्योगिक पुँजीवादी देशहरूमा एकाधिकारवादीहरूले समाजको हरेक क्षेत्रको नेतृत्व लिइसकेका छन् र एकाधिकार पुँजीवाद राष्ट्रिय एकाधिकार पुँजीवादमा विकसित भएको छ ।' (लेनिन, पार्टीको सातौं सम्मेलन १९१७ ।

पुँजीवादको स्वतन्त्र प्रतिस्पर्धात्मक चरणमा उत्पादनको क्षेत्रमा औद्योगिक निजी पुँजी मात्र थियो र मालको मात्र निर्यात हुने गर्दथ्यो । तर, आर्थिक संकटहरूबाट औद्योगिक क्षेत्रलाई उकास्न औद्योगिक निजी पुँजीलाई सहयोग गर्न बैंक पुँजी उत्पादन क्षेत्रमा प्रवेश गरेपछि औद्योगिक र बैंक पुँजीको सम्मिलनबाट जन्मिएको फिनान्सियल ओलीगार्कीपछि मालसँगै पुँजीको निर्यात पनि सुरु भयो । लेनिनले यस पुँजीलाई एकाधिकार पुँजीवादको साम्राज्यवादी चरणमा प्रवेशको विन्दु भनेका छन् । इटालीका प्रसिद्ध मार्क्सवादी अर्थशास्त्रीका अनुसार १९३० को आर्थिक संकटपछि जब पुँजीवादी पुनरुत्पादनको सहज अवस्था रहेन र औद्योगिक क्षेत्रमा मात्र होइन कृषि क्षेत्र लगायत सामाजिक जीवनका सबै क्षेत्रमा अराजकता र अन्तर्द्वन्द्व तीव्र हुन पुग्यो । त्यस अवस्थामा आर्थिक पुनरुद्धारका लागि राजसत्ता, एकाधिकार र सम्पूर्ण राष्ट्रिय अर्थतन्त्र एक अर्कोसँग जोडिन पुगे । दोस्रो विश्वयुद्धको समाप्तिपछि यस प्रक्रियाले झन् तीव्रता पायो र पुँजीवाद राष्ट्रिय एकाधिकार पुँजीवादमा पूर्ण रूपले स्थापित भयो । (अन्टोनियो पेसेन्टी - मैनुयल औफ पौलिट इकोनोमी १९७० रोम) । अहिले साम्राज्यवाद राष्ट्रिय एकाधिकार पुँजी, ती देशका हतियार निर्माता एकाधिकारीहरू र सेना तथा समरीकृत विज्ञान र 'मिलिटरी इण्डष्ट्रियल कम्प्लेक्स' तथा प्रशासकीय ब्यूरोक्रासीबीचको गठबन्धनसहित झन् बढी जटिल, व्यापक र आक्रामक रूपमा अगाडि आएको छ । यी कम्प्लेक्सहरू आफ्ना एकाधिकार पुँजीपतिहरूको स्वार्थ संरक्षणका लागि निरन्तर सक्रिय रूपमा काम गर्दै छन् ।


पुँजीवादी उत्पादन प्रणाली त्यसका पूर्ववर्ती सामाजिक-आर्थिक संरचनाहरूका उत्पादन प्रणालीभन्दा भिन्न, श्रम र ज्यालाको विनिमयका निश्चित सम्बन्धहरूमा आधारित प्रणाली हो । यसमा जतिसुकै संरचनागत परिवर्तन गरे पनि पुँजीवादको यो आधारभूत चरित्र परिवर्तन हुन सक्दैन । किनभने श्रम बजार विना पुँजी बजार बाँच्न सक्दैन । पुँजीवादको चारित्रिक भिन्नता वा पहिचान भनेको नै स्वतन्त्र श्रम शक्तिको खरिद र विक्री हो । यी सम्बन्ध स्थापित गर्न सामन्तवादी विभिन्न बन्दमा बाँधिएका किसानहरूको श्रम शक्तिलाई त्यस बँधुवा अवस्थाहरूबाट मुक्त गरी स्वतन्त्र श्रम बजारमा उभ्याउन आवश्यक थियो, जहाँ जीविकोपार्जनका लागि साधन श्रोत विहीन व्यक्ति श्रम बजारमा स्वतन्त्रतापूर्वक आफ्नो श्रम बेच्ने स्वतन्त्रता पाओस् । यसका लागि पहिलो काम दासता, भू-दासता, करिया, बेठ बेगर आदिजस्ता सामन्ती वैधानिकता बन्धनहरूबाट, जसले श्रमिक वर्गलाई उसको आफ्नो श्रम शक्तिमाथि निजत्वको अधिकारबाट वञ्चित गरिराखेको थियो । श्रमिकलाई मुक्त गर्नु थियो । यी दुइटै काम पुँजीवादी क्रान्तिहरूले तथा सामन्ती संरचनाको क्षयीकरण र पुँजीवादको क्रमिक विकासले सम्पन्न गर्यो । दोस्रो काम श्रमलाई पुँजीको दासत्वमा ल्याउन उत्पादकलाई उत्पादनका साधन श्रोतहरूबाट अलग्याउनु र आफ्नो श्रम शक्तिको विक्रयका माध्यमबाट मात्र श्रमका साधनहरूसम्म उसको पहुँच हुनसक्ने अवस्था सृजना गर्नु थियो । यो अवस्था साधन विहीन श्रम शक्ति बजारमा पुगेको अवस्थाले सृजना गर्यो । तेस्रो काम, श्रम शक्तिलाई एउटा सामाजिक व्यक्तिको रूपमा नभई पुँजीपतिका पुँजी लगानीको एउटा हिस्साको रूपमा परिणत गरेर पुँजीकै एक हिस्सा बनाई सामाजिक उत्पादन प्रक्रियामा सरिक गर्नु थियो । यो काम पुँजीवादको विकाससँगै क्रमिक रूपमा सम्पन्न गरियो । त्यस कारण पुँजीवादमा श्रम प्रक्रिया श्रमिकद्वारा आफ्नो श्रम शक्ति विक्री गर्ने र पुँजीपतिद्वारा उसको श्रम शक्ति क्रय गर्ने सम्झौताहरूबाट सुरु हुन्छ ।

सम्पत्ति र साधन श्रोतबाट वञ्चित श्रमिक सामु जीविकोपार्जनका लागि अन्य कुनै विकल्प नभएको अवस्थामा यस्ता सम्झौतामा बाँधिनु उसका जीवनको बाध्यता हो भने पुँजीपतिका लागि आफ्नो पुँजीलाई गतिमान गर्न र पुँजीको वृद्धि गर्न तथा आफ्नो उत्पादन प्रक्रियालाई जीवित राख्न पुँजीको गतिमान उत्पादक हिस्साको रूपमा श्रम शक्ति नभई नहुने बाध्यात्मक अवस्था हो । यसका लागि उसले उद्योग सञ्चालनका लागि कच्चा पदार्थ र श्रमका औजारमा लगानी गरेजस्तै आफ्नो पुँजीको एक भाग श्रमिकको ज्यालामा पनि लगानी गर्दछ । यस बाध्यात्मक अवस्थाले श्रम र पुँजी एउटा निश्चित सम्बन्धमा बाँधिन्छन् । यो ज्यालादारी श्रम र पुँजीका बीच एकत्वको अवस्था हो भने श्रमको उत्पादन र श्रमिकले पाउने ज्याला बीचको असमानताबाट उत्पन्न हुने द्वन्द्व तिनका बीच निरन्तर संघर्षको अवस्था हो, जो वर्गसंघर्षको रूपमा प्रकट हुन्छ ।

वर्तमान एकाधिकार पुँजीवादको चरणमा पनि पुँजीवादको यो चरित्र यथावत् छ । र, क्रय-विक्रयको यही सिद्धान्त अन्तर्गत एकाधिकार पुँजीवाद आर्थिक क्षेत्रमा मात्र होइन । राजनैतिक, सामाजिक, सांस्कृतिक, सूचना, सञ्चार, सेवा, गैर सरकारी संस्थाहरूको माध्यमबाट सामाजिक जीवनका सम्पूर्ण क्षेत्रहरूमा काम गर्दैछ । यसै अनुरूप पुँजी र उत्पादनको मात्र होइन बैंकिङ र बजार प्रणालीको समेत अन्तर्राष्ट्रियकरण गरिएको छ । यसबाट लगानीकर्ता, उत्पादक श्रमिक, वितरक, उपभोक्ता तथा अन्तर्राष्ट्रिय एकाधिकार पुँजी एउटै सूत्रमा गाँसिएका छन् र विश्व बजार, उत्पादन, वितरण तथा वित्तीय श्रोतहरूमाथि सिण्डिकेट र एकाधिकार कायम गरिएको छ । यसबाट एकाधिकार पुँजीपतिहरू अभूतपूर्व रूपमा श्रम शोषण गरी विशाल नाफा आर्जन गर्दै छन् । साम्राज्यवादी देशहरूका हतियार निर्माता एकाधिकारीहरू, ती बाँकी ६ पेजमा

# गोर्कीको कथा

● सोफी ●



'आउ सबैजना भित्र बस ।' भयो अब विद्यार्थीको खेलको निरन्तरता भङ्ग गरिदिए शिक्षकले । मन गाठो पार्दै कति शौचालयतिर कति धारातिर दगुरे । शरीरमा लागेको धुलो झार्दै कक्षामा पसे । कोही गुनगुन गर्न थाले, कसैको निधार मुज्जा देखियो । खेल्दासम्म नलागेको भोक, प्यास कक्षामा एकैपटक किन लाग्छ होला ? विद्यार्थीको आँखामा हेरेर शिक्षक सोच्न थाले । शिक्षकलाई थाहा नभएको होइन, कुनै कुराको मोह भङ्ग गरिदिनुको नतिजा के हुन्छ । फेरि पढाउनु त छँदैछ । विद्यार्थीको ध्यान पटक्कै छैन । के गर्ने, शिक्षक एकछिन गमेर बसे ।

'जोक सुनाउनु न सर' तीखो आवाजले सबैको ध्यान केन्द्रित गर्यो । मन्द मुस्कानसँगै शिक्षकको ओठ खुम्चिए । 'फिलिम हेरम' एक कुनामा आवाज गुञ्जियो । चिसो कोठा बाफिन के बेर । कोठाको गुनगुन विस्तारै हराउँदै गयो । 'त्यसो भए आज एकजना साहित्यिक व्यक्तिको बारेमा बताउँछु, हुन्छ ?' एक छेउबाट अर्को छेउसम्म आँखा दौडाउँदै शिक्षक बोले । 'हुन्छ सर ।' सबैजना एकसाथ चिच्याए । कोठामा करिब २० जनाजति विद्यार्थी छन् । चिसोबाट आफूलाई बचाउन विद्यार्थीहरू मजेत्रो ओढेर एकटक शिक्षकलाई हेरिरहेका छन् । शिक्षकको धोद्रे स्वर कर्कस सुनियो ।

होचो कदको शिक्षक गोजीबाट हात निकालेर बोर्डमा लेखे- 'अलेक्सेयी म्याक्सिमोबीच पेशकोभ' अर्थात् 'म्याक्सिम गोर्की' 'गोर्की' विद्यार्थीहरू एकसाथ चिच्याउँदा कक्षा गुञ्जायमान भयो ।

'हो, गोर्की । गोर्कीको अर्थ हुन्छ तीतो' शिक्षक बोले । रूसी भाषाका साहित्यकार म्याक्सिम गोर्की एक प्रसिद्ध विश्वविख्यात साहित्यकार हुन् । सानै उमेरमा बुबा गुमाएका गोर्कीले बाल्यकाल हजुरआमासँग बिताएका थिए । हजुरबुबा सार्है निर्दयी स्वभावका थिए । गोर्की १० वर्षको हुँदा हजुरबुबाले भने - 'सुन अलेक्सेयी तँ कुनै तक्मा होइनस् जसलाई म घाँटीमा झुण्ड्याएर हिँड्न सकूँ । अब यहाँ तँलाई बस्ने ठाउँ छैन । जहाँ जान्छस् जा, आफ्नो बाटो लाग् र आफ्नो सुर गरेर पेट पाल् ।' १० वर्षको उमेरमै घरदेखि निकालिएका गोर्कीले सहरको मुख्य सडकको जुत्ता सिलाउने पसलमा सिकारु कामदारको रूपमा काम गरे, पानीजहाजमा भाँडाकुँडा सफा गर्ने काम गरे । विभिन्न दुःख कष्ट अनेकौं हण्डर ठक्कर, धोका र छलको पिटाइले आघात भई आफैंलाई सिध्याउने असफल प्रयास पनि नगरेका होइनन् । उनले ठोकेको गोली मुटुमा नभई फोक्सोमा लाग्यो र बाँच्न सफल भए । उनले त्यो घटनालाई सपना ठानी जीवन जिउने कला सिके । त्यसबेला पढ्ने काम एउटा खतरनाक कुरा हो भन्ठान्थे । पढ्नै हुन्न भन्ने धारणा थियो । लेखपढ गर्नु गैरकानुनी मानिन्थ्यो । गोर्की आफ्ना किताब चुलोको मुखमा लुकाउँथे र सबै सुतिसकेपछि चुलोको प्वालबाट किताब झिक्थे र झ्यालमा गएर जुनको उज्यालोमा पढ्न सुरु गर्थे । कहिलेकाहीँ जुनको उज्यालोलाई बढी चम्किलो पार्नको लागि तामाको चम्किलो तावा पर्खालमा झुण्ड्याएर प्रकाश एकीकृत गर्थे र पढ्थे । जुन निकै मलिन भएको अवस्थामा पूजा कोठानिरको बेञ्चमा चढ्थे र भित्रबाट आएको पिलपिले बत्तीको उज्यालोमा पढ्थे ।

गरिबीको तल्लो तहमा बाँचेका गोर्कीले जिन्दगीको अनुपम सौन्दर्यलाई आफ्नो वर्गका मानिसहरूमाझ पस्किए । उनी यस्ता साहित्यकार हुन् जसको नाम र परिचयको उपस्थितिमा संसारका पुँजीवादी पक्षधरहरूको दिमागमा झड्का लाग्छ । उनी लेखनको उद्देश्य जनताको सेवा हुनुपर्ने र वास्तविक सत्यको खोजी गरी मानव जगतको सेवा गर्नुपर्नेमा जोड दिन्छन् ।

शिक्षकले लामो श्वास फेरे । कक्षा शान्त थियो । विद्यार्थीहरूको आँखामा हेरी शिक्षक फेरि बोले । आमा, तीन व्यक्तित्व, टक्करजस्ता विश्व प्रसिद्ध कृति लेखेका उनले 'एक आलोचना' नामक कथामार्फत साहित्यकारको ईश्वर को हो ? आफैसँग अपराधी साहित्यकार, आफैंमा महत्वकाङ्क्षा र घमण्ड भएका लेखकले पाठकलाई आफ्नो विचार पस्कने अधिकार के ? साहित्यकारले मानिसलाई प्रचार गर्ने कुरा के ? उनीहरूसँग अरूलाई सिकाउने अधिकार कसले दियो ? भन्नेजस्ता प्रश्न सोधेका छन् । साहित्यको क्षेत्रमा प्रगतिशील, यथार्थवादी साहित्यको सूत्रपात गर्ने गोर्कीले अनेकौं कालजयी साहित्य रचना गरी सम्पूर्ण मानव जातिको मुक्तिको बाटो देखाए ।

शिक्षकले विद्यार्थीतिर हेरे । अँध्यारो फैलिदै थियो । (कक्षा सकाउने तयारी साथ) यस्ता साहित्यकार हाम्रो माटोमा कहिले जन्मेलान् भनी तर्कना गरे । कक्षा सकियो । विद्यार्थी घरतिर लागे । पर अँध्यारो बाटोमा कोही 'गोर्की' भन्दै चिच्याएको आवाज सुनियो ।

## माओका...

देशको सेना र समरीकृत विज्ञान तथा प्रशासकीय व्यूरोक्र्यासीको संयुक्त गठबन्धन निर्माण गरी एकाधिकार पुँजीको स्वार्थ संरक्षणका लागि सक्रियरूपमा काम गर्दै छन् । अहिले यिनले तेस्रो विश्वमाथि आफ्नो हैकम कायम गरेको छन् र ती देशका सरकार र व्यवस्थाहरूलाई साम्राज्यवादीहरूको इच्छा अनुरूप चल्न तथा तिनको हैकम स्वीकार्न बाध्य गरिँदै छ ।

आज साम्राज्यवादको सबभन्दा बडी युद्धपिपाशु तथा शोषक जमात विश्वव्यापी रूपमा आफू अनुकूल नभएका र आफ्नो खटनपटनमा नचल्ने सरकारहरूलाई अनेकौं हतकण्डा, सोझो हस्तक्षेप, आर्थिक नाकाबन्दी आदिका साथै तिनका विरुद्ध स्थानीय साम्राज्यवाद परस्त प्रतिक्रियावादी शक्तिहरूलाई आर्थिक, सामरिक र गुप्तचरी सहयोग गरी सैन्य गठबन्धन कायम गर्ने, चौतर्फी घेराबन्दी गरेर तिनको सत्ता पल्टाउने तथा साम्राज्यवाद विरोधी प्रगतिशील शक्तिहरू, मजदुर आन्दोलनहरू, राष्ट्रवादी शक्तिहरू, साम्राज्यवाद विरोधी प्रगतिशील शक्तिहरूलाई समाप्त गर्ने निरन्तर प्रयास गरिरहेका छन् र अझ बढी प्रयास गर्ने छन् । यसका लागि आफ्नो प्रभावमा ल्याउन सकिने व्यक्ति, समूह, पार्टी आदिमा अपार धन खर्च गर्ने, हातहतियार उपलब्ध गराउने, गुप्तचरी सहयोग दिने र तिनको माध्यमबाट जातीय, भाषिक, क्षेत्रीय तथा धार्मिक भावनाहरूलाई उचाली पारस्परिक भिडन्त गराउने जस्ता काम गर्दै छन् । सिरिया, लिविया, अफगानिस्तान, सुडान आदिजस्ता विभिन्न एसियाली, अफ्रिकी, दक्षिण तथा मध्य अमेरिकी देशहरूमा भइरहेका सैन्य भिडन्त तथा जातीय संघर्ष यसका उदाहरण हुन् । चीन, भियतनाम, क्युबा, उत्तर कोरिया जस्ता समाजवादी मुलुकलाई निशाना बनाएका छन् । अमेरिका आफ्ना सहयोगी नाटो राष्ट्र, साउदी अरविया, इजरायल आदिको सहयोगमा विश्वमा पुनः अशान्ति तथा युद्धको वातावरण निर्माण गर्ने प्रयासमा छ । अमेरिका जुनसुकै हालतमा पनि विश्व शक्ति समीकरण आफ्नो पक्षमा ढाल्ने प्रयासमा छ ।

मार्क्सले आफ्ना समयको पुँजीवादी उत्पादन प्रणाली, त्यसका उत्पादन सम्बन्धहरू र श्रम तथा पुँजीबीचका अन्तर सम्बन्ध र अन्तर्द्वन्द्वको विश्लेषण प्रस्तुत गर्दै आफ्नो विश्लेषणात्मक व्याख्यालाई पुँजीवादको शारीरिक संरचना भन्नुभयो । पुँजीवादसँगै जन्मिएको सर्वहारा वर्ग, जुन वर्ग त्यस बेलासम्म 'आफैमा एउटा स्वतन्त्र सामाजिक वर्ग'का रूपमा स्थापित भइसकेको थियो । आफ्नो मुक्तिका लागि पुँजीवाद विरुद्ध तीव्र संघर्ष गर्दै थियो, त्यस वर्गलाई 'पुँजीवाद आफैले जन्माएको आफ्नो काल' भनी सर्वहारा वर्गलाई क्रान्तिको अग्रणी लडाकुका वर्गका रूपमा परिभाषित गर्नुभयो । यस संघर्षका लागि त्यस वर्गलाई राजनैतिक रूपमा संगठित गर्न र राजनैतिक संघर्षका लागि सैद्धान्तिक हतियारसहित संघर्षको स्पष्ट लक्ष्य, रणनीति र कार्य नीति आवश्यक थियो । मार्क्स र एंगेल्सले 'कम्युनिष्ट घोषणापत्र' मार्फत त्यही काम गर्नुभयो । जसको निचोड थियो सर्वहारा वर्गले राज्यसत्ता आफ्नो हातमा नलिएसम्म उसको मुक्ति सम्भव छैन । आफ्नो मुक्तिका लागि, सर्वहारा वर्गले सर्वप्रथम राज्यसत्ता आफ्नो हातमा लिएर 'आफ्नो मुक्ति आफै गर्नु पर्दछ' ।

मार्क्सद्वारा प्रस्तुत यी मूल प्रस्थापना आज पनि त्यत्तिकै सत्य छन् जति त्यस बेला थिए । सर्वहारा वर्गका आन्दोलनको सार अहिले पनि आफूलाई पुँजीको शोषण र साधन विहीनताको अवस्थाबाट मुक्त गर्नु हो । मार्क्स पछिको कालखण्डमा पुँजीवादको तीव्र विकास भए छ । तर, पुँजीद्वारा श्रमका शोषणको अवस्थामा कुनै सारभूत परिवर्तन भएको छैन, बल्की त्यसको सघनता र विस्तारमा अभूतपूर्व वृद्धि भएको छ । विगतमा सर्वहारा वर्गको सशक्त आन्दोलन तथा समाजवादी देशहरू र सशक्त समाजवादी शिविरको उपस्थितिका कारण सर्वहारा वर्गले एकपछि अर्को गरी कतिपय उपलब्धि हासिल गरेका थिए । तर, अहिले सोभियत संघ र समाजवादी शिविरको पतन पछि ती सुधार तथा सुविधा क्रमिक रूपमा खोसिँदै छन् र वर्गीय शोषणका केही नयाँ रूप, तरीका र माध्यम समेत अगाडि आएका छन् । ज्यालादारी श्रमको शोषण र अतिरिक्त मूल्य उत्पादन झन् सघन भएको छ । मार्क्सले भने जस्तै पुँजीवादी संरचनामा श्रम र ज्यालाका सम्बन्ध रहेसम्म श्रमको शोषणबाट अतिरिक्त मूल्यको उत्पादन र नाफा आर्जनको पुँजीवादी चरित्र स्वतःस्फूर्त रूपमा समाप्त हुन सक्दैन । त्यसका लागि यस सामाजिक-आर्थिक संरचनालाई नै परिवर्तन गर्नु पर्दछ । सारभूत रूपमा अवस्था आज पनि त्यही हो । उत्पादक शक्तिको विकाससँगै पुँजीवादको विकास, विस्तार र स्वरूपमा परिवर्तन आउनु विकास प्रक्रियाले उपस्थित गर्ने स्वाभाविक परिणाम हुन् । अहिले यस्ता परिवर्तन भएका छन् र भइनै रहने छन् । तर, जन्म-विकास-विन्यास द्वन्द्ववादको सार हो । पुँजीवाद एकतर्फ विकसित पनि भइरहेको छ भने अर्कोतर्फ उसभित्रै अन्तर्निहित द्वन्द्वका कारण आफ्नो अन्ततिर पनि गइरहेको छ । यो समाजका द्वन्द्वात्मक विकासको सार, गति र दिशाको सार्वभौम चरित्र हो ।

सत्य हो, मार्क्सको समय भन्दा आज अवस्था परिवर्तन भएको छ । तर, हेर्नु पर्ने कुरा के हो भने आज पनि पुँजीवादी देशहरूमा वर्ग विभाजन छ कि छैन ? श्रमिक वर्ग श्रमका साधनहरूबाट वञ्चित रहेको अवस्था विद्यमान छ कि छैन ? पुँजीले श्रमको शोषण गरी सञ्चित गरेको अतिरिक्त उत्पादनमाथि कसको स्वामित्व छ ? समाजको वा व्यक्तिको ? मार्क्सले समाज विकासको प्रवृत्तिका सार्वभौम प्रस्थापना र वर्गसंघर्षको सिद्धान्त विगतदेखि त्यस समय सम्मका सिंगो वर्गीय उत्पादन प्रणालीको सार र निचोडको रूपमा प्रस्तुत गरेका आधारभूत प्रस्थापना हुन् । कुनै देश विशेष वा संरचना विशेषको चरित्रको आधारमा निकालिएका निचोड होइनन् । पुँजीवादी विकासको सिङ्गो चरणमा न कहिले वर्गविहीन अवस्था थियो न हुन सक्छ । न वर्गीय उत्पादन प्रणालीमा उत्पादनको सामाजिक चरित्र र उपभोगको व्यक्तिगत चरित्र नै समाप्त हुन्छ । यसको समाप्तिका लागि श्रमिक वर्गले हजारौं वर्षदेखि गर्दै आएको संघर्षमा अन्तिम विजय प्राप्त गरेपछि मात्र यो समाप्त हुने छ ।

अहिले विज्ञान र प्रविधिको विकाससँगै उत्पादक शक्ति, विशेष गरी ज्यालादारी श्रमिक वर्गको पनि अभूतपूर्व विकास भएको छ र ज्यालादारी श्रमिकका नयाँ रूप र नयाँ क्षेत्र अगाडि आएका छन् । सूचना प्रणालीको विकासले संसारलाई परस्पर जोडेको छ । यी उपलब्धि र विकासको परिणाम केवल पुँजीवादको पक्षमा मात्र गएका भन्ने कुरा होइन, यसले त्यत्तिकै मात्रामा स्वयम् मजदुर वर्गको चेतनाको विकास, सांगठनिक क्षमताको विकास, ज्यालादारी श्रमका विभिन्न फाँट तथा श्रमजीवी वर्गका विभिन्न नयाँ तप्काहरूको जन्म र संख्यात्मक विकास पनि गरेको छ । परिणाम स्वरूप एकतर्फ मजदुर वर्गको आयतनमा वृद्धि भएको छ भने अर्कोतर्फ कार्यक्षेत्र र कामका अवस्थाहरूको विविधताले मजदुर वर्गको राजनैतिक चेतना, सांगठनिक क्षमता तथा कार्यकुशलतामा समेत विकास गरेको छ । अर्कोतर्फ पुँजी, उत्पादन र वितरण प्रणालीको अति केन्द्रीकरण तथा विज्ञान तथा प्रविधिमाथि पुँजीको आधिपत्यले श्रमको अभूतपूर्व शोषण भइरहेको छ । उत्पादन प्रक्रियाको यान्त्रीकरण र रोबोटाइजेशनले मजदुर वर्गका रोजगारीको अनिश्चितता बढेको छ । यस अवस्थाले एकतर्फ सर्वहारा वर्गको लडाकुपनमा कमी ल्याउन सक्ने अवस्था छ भने अर्कोतर्फ बेरोजगारीको चरम अवस्थाले जन्माउने 'स्वतन्त्र श्रम सेनाको नयाँ अवस्थामा सशक्त र संगठित श्रमिक आन्दोलन संगठित गर्न सकिने त्यतिकै सबल आधार पनि निर्माण गर्दैछ ।

अहिले मजदुर वर्गमा यी दुइटै प्रवृत्ति र अवस्था देखिएका छन् । यसका साथै लेनिनले सर्वहारा वर्गको निकटस्थ सहयोगी भनी परिभाषित गरेको र मार्क्सले कृषक वर्ग भनी सम्बोधन गरेको कृषक वर्ग आज त्यही रूपमा छैन । कृषि क्षेत्रको पुँजीवादीकरणले कृषि मजदुर नयाँ वर्गको रूपमा परिणत भएको छ । यस अवस्थामा कृषक वर्गलाई श्रमिक आन्दोलनको अङ्ग बनाउन किसान आन्दोलनलाई नयाँ रूपमा परिभाषित गर्नु पर्ने आवश्यक छ । सेवा क्षेत्र, सञ्चार, बैंकिग क्षेत्र तथा विज्ञान र प्रविधिको क्षेत्रमा अस्तित्वमा आएका नयाँ ज्यालादारी श्रमिक वर्गको मनोविज्ञान आम सर्वहारा वर्गभन्दा भिन्न छ । यस अवस्थामा यी सम्पूर्ण फाँटमा कार्यरत श्रमजीवी वर्ग तथा साम्राज्यवाद विरोधी मानवतावादी बौद्धिक वर्ग तथा अभियानहरूलाई वर्तमान साम्राज्यवाद विरोधी संघर्षको एउटै मञ्चमा उभ्याउन आवश्यक छ । तर, यसका लागि साझा कार्यनीति र नारा ठम्याउन आफैमा भने जति सजिलो काम छैन ।

आफ्नो रचना 'कम्युनिज्मका सिद्धान्त'मा सर्वहाराको परिभाषा दिँदै एंगेल्सले लेखेका छन्– 'सर्वहारा समाजको त्यो वर्ग हो जसले आफ्नो जीवन यापनका लागि चाहिने सम्पूर्ण आवश्यकताहरू एक मात्र आफूसँग भएको श्रम विक्री गरी खरिद गर्दछ ।' आज सर्वहाराको यस परिभाषा अन्तरगत केवल हिजोका कारखाना मजदुर (सर्वहारा) मात्र रहेनन् बल्की कारखानाहरूमा काम गर्ने हिजोका ह्वाइट कलर मजदुर, व्यवस्थापक समूह, विज्ञान तथा प्रविधिको क्षेत्रमा ज्यालादारी श्रम गरिरहेको बौद्धिक श्रमिक तपका तथा सेवा क्षेत्रमा श्रम बेचिरहेका ज्यालादारी श्रमिकका विभिन्न समूह थपिएका छन् । श्रमजीवी वर्गका यी तमाम तप्काहरू पनि पुँजीको शोषणको त्यही मारमा छन् । जस्तो मारमा कारखाना, खानीहरू, निर्माण वा अन्य क्षेत्रमा शारीरिक श्रम बेच्ने श्रमिक वर्ग छ । अतः आज सर्वहारा वर्गको हिजोको परिभाषा र सीमालाई पुनर्परिभाषित गर्नु पर्ने आवश्यकता छ । पुँजी बजारमा आफ्नो शारीरिक र मानसिक श्रम बेची बाँची रहेका श्रमिकहरूको समष्टि नै आजको सर्वहारा वर्ग हो । आजको कम्युनिष्ट आन्दोलनले पनि आफ्नो परिभाषा र कार्यक्षेत्रलाई पुनर्परिभाषित गर्नुपर्ने आवश्यकता छ । मजदुर वर्गका यी तमाम तप्काहरूलाई संयुक्त मजदुर आन्दोलनको दायराभित्र समेट्न कम्युनिष्ट पार्टीहरू हिजोको परिभाषा अनुसारको 'सर्वहारा वर्गको अग्रणी दस्ता'मात्र भएर यस नयाँ चरणमा श्रमिक वर्गको मुक्ति आन्दोलन हाँक्न सक्दैनन् । अबको कम्युनिष्ट आन्दोलनले सम्पूर्ण श्रमजीवी, शोषित पीडित तथा सीमान्तकृतहरूको र सम्पूर्ण साम्राज्यवाद विरोधी शक्तिहरूको 'अग्रणी दस्ता'को रूपमा आफूलाई स्थापित गर्न सक्नु पर्दछ । यो नयाँ अवस्थाले प्रस्तुत गरेको माग हो । *मई १९५९*

## ❑ सिद्धिचरण श्रेष्ठका पाँच कविता

### गङ्गालालको स्मृतिमा

*नभ मण्डलमा दुईटा पङ्क्षी झै उड्थे हावामाथि चढी*
*एउटा बिचमै वल्र्यो किन हो, पार पुग्यो अर्को चाहिँ ।*
*बीचमा रूक्ने पङ्क्षी मै हुँ, गङ्गा जाने पार तरी,*
*उज्ज्वल यशको दरबार जहाँ, जगमग जगमग ज्योति बली ।*

*पार उतातिर हेलिन नसकी यसरी म अडेँ यस ठाउँ,*
*नडराई पार गएकोले अमर छ गङ्गाको नाउँ ।*
*गङ्गा नमरी बाँचे कोको भन मैले के मोल तिरूँ,*
*तिम्रो तातो रगत वर्गको यो ठाउँ कसरी सजाऊँ ।*

*तिम्रो रातो शोणितद्वारा आजादीको तरू हुर्क्यो,*
*तिम्रो बलियो प्रतिरोध बढी अन्यायीको दाँत झर्यो ।*
*गङ्गा ! तिम्रो कर्तव्य फुटी नेपालीको मार्ग खुल्यो,*
*जडता फाली चेतन बाल्ने मौकाको आवाद भयो ।*

*अभय मृत्यु नै पुग्नु हो पुग्नु, तिमी पुग्यौ म गइरहेछु,*
*नसुती बिम्झनु अभय मृत्यु हो, तिमी बिम्झयौ म सुतिरहेछु ।*

### कविता रानीलाई

*धेरै दिन भो कविता रानी !*
*पाइनँ तिम्रो दर्शन ।*
*अपराध गरेँ कुन के मैले,*
*कसरी कुन दिन, कुन क्षण ?*

*गाह्रो जीवन कण्टकमय पथ*
*डगमग पाउ उचाली ।*
*फिस्लेकोमा वञ्चित हुन गो,*
*मनको त्यो हरियाली ।*

*उहिले बरू जब बिग्रेँ भन्थेँ,*
*दर्शन तिम्रो हुन्थ्यो ।*
*रोगी भन्थे, बहुला भन्थे,*
*तिमीसित सम्बन्ध थियो ।*

*अनजानमै प्रीत लगाई,*
*आज मलाई छाड्यौ ।*
*भार गहुँगो बोक्न म हिँड्दा,*
*छोडी मलाई भाग्यौ ।*

*कालो युग यो पोल खुलेको,*
*यस्तो मुक्त समयमा ।*
*तिमीझैँ सँगिनी सँगमा नहुँदा,*
*खट्कन्छ है आज मलाई ।*

### मेरो कविता पढिरहनेलाई

*जागरणदेखि डराई, सङ्घर्ष नगरी*
*तिमी उठ्न आनाकानी गर्छौ भने*
*जस्तै बिहान पनि रातमै बित्नेछ ।*
*पूर्वतिर राता सूर्यले चियाइसके*
*कुटो, कोदाली लिएर किसानहरू खेत गइसके ।*

*आड्को शीत झारझुर पारेर*
*चराहरू यताउता छरिसके*
*तिमीमात्र अझ भय र त्रास लिई*
*त्यही पुरानो थाङ्नामा गुटुमुटिरहेछौ ।*
*नौलो बिहानको मुटु नै तिमी हौ,*
*निस्क र बिहानलाई सजीव तुल्याऊ*
*सबै तयार भइसकेका छन्*
*तिम्रो नै निस्कनुमात्र बाँकी छ ।*

*पुर्खाहरूले कति डाक्दा पनि*
*अझ विश्वमा आउन नसकेको*
*त्यो नौलो बिहान तिम्रो मुटुको ढुकढुकीसँगै*
*आइसकेको छ, आइसकेको छ ।*

### नौलो बिहान

*जागरणदेखि डराई, सङ्घर्ष नगरी*
*तिमी उठ्न आनाकानी गर्छौ भने*
*जस्तै बिहान पनि रातमै बित्नेछ ।*
*पूर्वतिर राता सूर्यले चियाइसके*
*कुटो, कोदाली लिएर किसानहरू खेत गइसके ।*

*आड्को शीत झारझुर पारेर*
*चराहरू यताउता छरिसके*
*तिमीमात्र अझ भय र त्रास लिई*
*त्यही पुरानो थाङ्नामा गुटुमुटिरहेछौ ।*
*नौलो बिहानको मुटु नै तिमी हौ,*
*निस्क र बिहानलाई सजीव तुल्याऊ*
*सबै तयार भइसकेका छन्*
*तिम्रो नै निस्कनुमात्र बाँकी छ ।*

*पुर्खाहरूले कति डाक्दा पनि*
*अझ विश्वमा आउन नसकेको*
*त्यो नौलो बिहान तिम्रो मुटुको ढुकढुकीसँगै*
*आइसकेको छ, आइसकेको छ ।*

### बरू बिलाई जान्छु

*बरु बिलाई जान्छु साथी !*
*पाउ हाल्दिनँ अब नसम्झी*
*विकृत विश्व नयाँ बनाउन*
*आज घायल दीन मानव,*
*छर्कदै विद्रोहको स्वर*
*झर्न खोज्दछ विगतको भ्रम ।*

*आजतक जे भो जगत्मा*
*भूल भो इतिहास भन्छ,*
*भूल त्यो नै दोहोर्याउन*
*हृदय यो इन्कार गर्छ ।*

*त्यै हिजोको मार्ग पक्री*
*बग्न दिनँ म शब्दनिर्भर*
*संकुचित घेरा ननाघी*
*चल्न दिनँ म कदम पलभर ।*
*बरु बिलाई जान्छु साथी !*
*पाउ हाल्दिनँ अब नसम्झी ।*
*हिँड्नलाई, बोल्नलाई*
*मार्ग युगको यो खुला छ*
*चेतनालाई उघार्ने*
*सत्यको सुन्दर कला छ ।*

*आज पनि बोकी विवशता*
*बस्नु के अब दिन्छ शोभा !*
*त्यै पुरानो जीर्ण कन्था*
*बोकिहिँड्नु लाज हैन ?*

*त्यै पुरानो लीकमाथि*
*हिँड्नु के अपमान हैन ?*
*शान्तिको ढोका थुनेर*
*शान्ति डाक्नु ढोंग हैन ?*

## संसद...

गरियोस भन्ने माग राखेर संसद अवरोध गरिरहेको छ। यो माग भनेको नितान्त एमाले पार्टीसंग सम्बन्धित माग हो। जनताको समस्या संग, राष्ट्रको समस्यासंग यसको कुनै साइनो छैन। यस भन्दा अगाडि गरिएका संसद विघटन र संसद अवरोधहरू पनि केही अपवाद बाहेक सबै यस्तै प्रकारको जनताको समस्यासंग कुनै साइनो नभएका विषयहरू नै थिए। मजदुरहरूको तलब वृद्धि हुनुपर्दछ, सुकुम्बासीहरूलाई व्यवस्थीत बसोबासको व्यवस्था हुनुपर्दछ, किसानहरूलाई मल विउ र बजारको व्यवस्था गर्नुपर्दछ, शिक्षा स्वास्थ्य र रोजगार जस्ता विषयहरूलाई राज्यले जिम्मा लिनुपर्दछ भन्ने आदि मागहरू राखेर कहिलै पनि संसद विघटन र अवरोध भएका छैनन्। यसबाट पनि संसदीय व्यवस्थामा आम श्रमिक जनताको हितको पक्षमा काम हुन सक्दैन भन्ने कुरा पुष्ठी हुन्छ।

चुनावको बेलामा राजनीतिक पार्टीहरूले चुनावी घोषणा पत्र जारी गर्दछन्। त्यो घोषणा पत्रमा राष्ट्र र जनताको हितको पक्षमा थुप्रै कुराहरू लेखिएका हुन्छन्। त्यहाँ भ्रष्टाचार निर्मुल पार्ने, बेरोजगारी हटाउने र ठूला ठूला विकास निर्माणको काम गर्ने कुराहरू उल्लेख गरेको हुन्छ। तर सरकारमा पुगे पछि अथार्त त्यसलाई कार्यानवयन गर्ने ठाउँमा पुगेपछि घोषणा पत्रमा उल्लेख भएका कुराहरूलाई एकातिर लत्याइन्छ। यस्तो किन हुन्छ ? यस्तो किन हुन्छ भने घोषणा पत्रमा उल्लेख भएका कुराहरू जनताको आँखामा छारो हाल्नको लागी मात्र हो। उनीहरूले वास्तवमा आमश्रमिक जनताको पक्षमा होइन शोषक वर्गको पक्षमा नै काम गरिरहेका हुन्छन्। संसार भरिका संसदीय व्यवस्थाको आम विशेषता नै हो यो। संसदीय व्यवस्था कस्तो व्यवस्था हो भन्ने विषयमा लेनिनले सुन्दर ढंगबाट यसरी चर्चा गर्नु भएको छ। ँअमेरिकादेखी स्वीटजरल्याण्डसम्म, फ्रान्सदेखी इंगल्याण्ड, नर्वे र अन्य देशहरूसम्म संसदीय व्यवस्था भएको जुन सुकै मुलुकमा पनि नजर लगाउनुस-वास्तविक 'राजकिय' कार्यत पर्दा पछाडि हुन्छ र विभिन्न विभागहस्, कार्यालयहरू र अड्डा खानाहरूले त्यो कार्य पुरा गर्दछन्। संसदहरूमा चाही ँ सर्वसाधारण जनताको आँखामा छारो हाल्ने विशेष उद्धेश्य राखेर खाली गफ मात्रै राखिन्छ। (राज्य र क्रान्ति पृष्ठ ५७) यसरी संसदीय व्यवस्था सर्वसाधरण जनताको आँखामा छारो हाल्ने गफ गर्ने ठाउँ हो भन्ने कुरा मार्क्स र लेनिनको पालामा नै प्रस्ट भैसकेको थियो।

संसदीय व्यवस्थामा चुनावी प्रक्रियाबाट प्रतिनिधि छानिने व्यवस्था भएपनि त्यसबाट केही अपवाद बाहेक जनताको पक्षमा काम गर्ने व्यक्ति छानिन सक्दैनन्। वास्तवमा राज्य सत्ता कुन वर्गको हातमा छ भन्ने कुराले महत्वपूर्ण भूमिका खेल्छ। सत्तासिन वर्गले विभिन्न राजनीतिक पार्टीको नामबाट आफ्ना प्रतिनिधिहरूलाई जिताएर ल्याउछन्। नेपालमा अहिलेको राज्य सत्ता दलाल तथा नोकरशाही पूँजीपति र सामन्त वर्गको हातमा छ। त्यसैले यहाँको संसदीय चुनावमा पनि यीनै शोषक वर्गको पक्षमा काम गर्ने पार्टी तथा व्यक्तिलाई नै जिताएर नै ल्याइन्छ।

जस्तो लेनिन भन्नुहुन्छ 'मात्र संसदीय सँवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सवभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सत्तारुढ वर्गको कुन चाही सदस्यले संसदमा गएर जनताको दमन र उत्पिडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एक पल्ट निर्णय लिनुनै पुँजीवादी संसदीय व्यवस्थाको वास्तवीक सार हो।' (राज्य र क्रान्ति पृष्ठ ५६)

नेपालमा पनि दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गले आफ्नो वर्गहितको पक्षमा काम गर्ने पार्टी र पार्टी भित्र पनि आफ्नो वर्ग प्रति सब भन्दा बफादार व्यक्तिलाई जिताएर ल्याउन कोशिस गर्छन्। त्यति मात्र होइन साम्राज्यवाद र विस्तारवादले पनि आफ्ना दलालहरूलाई जिताएर ल्याउन सवै चुनावी हतकण्डा अपनाउछन्। आम श्रमिक जनताको वास्तविक प्रतिनिधिले जित्ने भनेको अपवाद मात्र हो। यसरी संसदमा सत्ता पक्ष र प्रतिपक्ष भन्नेहरूले वास्तवमा शोषक वर्गकै हितामा काम गरिरहेका हुन्छन्। संसदीय व्यवस्थामा जनताको पक्षमा कुरा गर्ने भनेको त केवल सर्वसाधारण जनताको आखाँमा छारो हाल्नको लागी मात्र हो।

सत्ता पक्ष र प्रति पक्ष दवै थरीले शोषक वर्गको लागी काम गर्ने भए पनि उनीहरूको वीचमा यस्तो मारामार किन हुन्छ ? यस्तो किन हुन्छ भने

पहिलो कुरा शोषक वर्गको वीचमा पनि आफ्नो स्वार्थ र नाफाको लागी अन्तरविरोध हुन्छ, झगडा हुन्छ। त्यही अन्तरविरोध र झगडा संसदमा पनि प्रतिविम्वित हुन्छ। अहिलेको वहालवाला पर्यटन मन्त्री प्रेम आले र पूर्व पर्यटन मन्त्री योगेश भट्टराईको वीचमा जुन पोल खोलाखोल भएको छ, त्यो त्यसै संग सम्बन्धित छ। केही अपवादहरू वाहेक अहिलेको प्रतिपक्ष पार्टी र सत्तासिन पार्टीहरूले यति, ओम्नी, बतास जस्ता दलाल पुँजीपतिहरू, भु माफियाहरू भ्रस्टाचारीहरू र तस्करहरूको पक्षमा काम गरेका रहेछन् भन्ने कुरा विभिन्न घटनाक्रमहरूले प्रस्ट पारेको छ। यी शोषक वर्गले ठुलो लगानी गरेर आफ्नो पक्षमा काम गर्ने व्यक्ति र पार्टीहरूलाई जिताएर संसदमा लगेपछि उनीहरूको अन्तरविरोध त्यहाँ पनि प्रतिविम्वित हुन्छ।

दोस्रो कुरा शोषक वर्गले कुनै पनि अवस्थामा राज्य सत्ता श्रमिक जनताको हातमा नजाओस भनेर वैकल्पिक शक्ति तयार गरिरहेको हुन्छ। एउटा पक्ष जनताको अगाडि नांगियो, अलोकप्रिय भयो भने अर्को शक्तिलाई अगाडि सार्छ। उसले जनताको मागहरू अगाडि सारेको वहाना गर्दछ। त्यो कुरा संसदमा पनि प्रतिविम्वित हुन्छ। नेपालको संसदीय इतिहासमा संसद विघटन र संसद अवरोध जति हुदै आएका छन्, ती सवै आम सर्वसाधरण श्रमिक जनताको पक्षमा नभएर कुनै व्यक्ति, पार्टी वा शोषक वर्गको स्वार्थमा आपसी टकरावका कारणले नै भएको छ। त्यस कारण त्यस प्रकारको संसदीय फोहरी खेलभन्दा माथि उठेर यो भन्दा राम्रो व्यवस्थाको स्थापनाको लागी संघर्ष गर्नु पर्दछ। नेपालको अहिलेको तात्कालिक अवस्थामा यो संसदीय व्यवस्थाभन्दा राम्रो व्यवस्था भनेको संघिय जनगणतन्त्र नै हो, जहाँ दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको राज्यसत्तालाई ध्वस्त पारेर जनताको राज्यसत्ता स्थापना भएको हुन्छ।

यो संसदीय व्यवस्थाको विरोध प्रतिगामी शक्तिहरूले पनि गर्छन् र गरिरहेका छन्। यो कोणबाट संसदीय व्यस्थाको विरोध गर्नुले नेपाली जनताका आजका समस्यालाई समधान गर्न सक्दैन। राप्रपाले भने झै यहाँ फेरी राजतन्त्र ल्याएर नेपाली जनताले मुक्ति पाउदैनन्। यो संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था ल्याएर वैज्ञानीक समाजवाद तिर अगाडि बढ्नु नै सही बाटो हो।

## क्रान्तिकारी...

रहनुभएको छ। कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) पोलिटब्युरो सदस्य एवं प्रदेश सचिव भुपेन्द न्यौपाने, जिल्ला इन्चार्ज टिकाराम पौडेललगायतले बोल्नुभएको थियो।

कार्यक्रममा पार्टी जिल्ला सचिब टकमान राउत, नवबहादुर घम, अखिल क्रान्तिकारीका प्रदेश सदस्य मनोज थापा, देजमो जिल्ला अध्यक्ष अशोक थापालगायतको आतिथ्यता रहेको थियो।

## पेट्रोलियम...

तष्करहरूआदिसंग मिलेर जनताका जनजीवीकाका सवालमाथि महंगीको भारी बोकाएको छ भने राष्ट्रियताको समस्या झनझन विकराल बन्दै गएको छ। अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादलाई कसरी खूशी बनाउने ध्यानमा यो सरकार लागेको छ। त्यसैले यो सरकार जनघाती तथा राष्ट्रघाती दुवै अंगालेको सरकार हो, जसलाई फ्याकेर देशमा नयाँ जनवादी सरकारको स्थापना अनिवार्य बन्दै गएको छ भन्नु भयो।

उक्त जुलुस र विरोध प्रर्दशनमा २२दलीय मोचाका नेता तथा कार्यकर्ताहरूको सक्रिय सहभागिता थियो।

## देउवा...

उच्च बिन्दु (७.११ प्रतिशत) मा पुगेको छ। गत वर्षको पहिलो पाँच महिनामा यस्तो मुद्रास्फिति २.९३ प्रतिशत थियो। यतिखेर प्रत्येक व्यक्तिको दैनिकी महङ्गो भएको छ। घ्यू, तेल, दाल तथा गेडागुडी तथा पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ। दुई बर्षअघि यसै अवधिमा आलुदेखि गोलभेंडासम्म विभिन्न तरकारीको मूल्य १५ देखि ४० प्रतिशतसम्म घटेको थियो। सरकारले लिएको गलत नीतिका कारण निर्माण सामाग्रीको थोक मूल्य १९.३४ प्रतिशतले वृद्धि भएको छ। सार्वजनिक पूर्वाधारको लागत बढेको छ। निजी निर्माण कार्यमा समेत लगानी कम भएकोले समग्रमा रोजगारी सिर्जनामा प्रत्यक्ष असर परेको देखिएको छ।

उच्च आयातका कारण विदेशी मुद्राको सञ्चिति निरन्तर घट्दै गएको छ। २०७८ असार मसान्तमा करिब १०.८ महिनाको वस्तु र सेवाको आयात धान्न पर्याप्त (रु १३ खर्ब ९९ अर्ब ३ करोड बराबरको) विदेशी विनिमय सञ्चिति रहेको थियो। वर्तमान सरकार गठन भएको पहिलो पाँच महिनामा यो सञ्चितिमा १३.२ प्रतिशतले कमी आएको छ। यो सञ्चितिले ६.८ महिनाको वस्तु र सेवा आयात मात्र धान्न सक्ने आँकलन गरिएको छ। विदेशी मुद्राको सञ्चिति विगत एक दशककै अत्यन्त न्यून बिन्दुमा पुगेको हो।

त्यस्तै बिप्रेषण आप्रवाहमा गत वर्षको तुलनामा ६.८ प्रतिशतले कमी आएको छ। कोभिड- १९ को असरका बीचमा पनि गत वर्षको पहिलो पाँच महिनामा विप्रेषण आप्रवाह ११ प्रतिशतले वृद्धि भएको थियो। विश्व अर्थव्यस्थामा सुधार हुँदै गएको अवस्थामा नियमित रूपमा आप्रवाह हुने बिप्रेषण आय घट्नुले अनधिकृत आर्थिक गतिविधि विस्तार र हुण्डीलगायतका कारोबार बढेको देखिन्छ। सुन तस्करीका घटनामा भएको बृद्धिले यस तथ्यलाई पुष्टि गरेको विश्लेषण गर्न थालिएको छ।

बैंकहरूमा तरलताको अभावले व्यवसायको गतिशीलता र विस्तारमा गम्भीर नकारात्मक प्रभाव परेको छ। चालु आर्थिक वर्षमा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र प्रत्येक महिना १० प्रतिशतका दरले पुँजीगत खर्च गर्ने रट लगाएको वर्तमान सरकारले विगत तीन वर्षकै अत्यन्त न्यून अर्थात् १३.४४ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ। कोभिड- १९ का कारण कमजोर कार्य वातावरण भएको गत वर्ष (१४.४ प्रतिशत पुँजीगत खर्च)को तुलनामा समेत यो न्यून हो।

देउवा सरकार नेपालको राष्ट्रिय हितमाथि निरन्तर आँच पुगिरहँदा पनि मूकदर्शक बनेको छ। भारतसँग ऐतिहासिक सन्धि, दस्तावेज र प्रमाणका आधारमा सीमा विषय टुङ्गो लगाउन सार्थक पहल गर्नु त परको कुरा- लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायत नेपाली भू-भागमा भारतबाट एकतर्फी संरचना निर्माण भइरहँदा आपत्ति जनाउँदै नेपालको अडान स्पष्ट पार्न समेत नसक्ने निरीहता प्रदर्शन गरिरहेको छ। भारतीय सुरक्षाकर्मीद्वारा तुइन चुँडाइएर महाकालीमा वेपत्ता पारिएका जयसिंह धामीका सम्बन्धमा मौन बसेको सरकार राष्ट्रिय हित, स्वाभिमान र नागरिकको जीवनरक्षासँग जोडिएका कैयौं प्रश्नमा लाचार र लम्पसार बनेको छ। अर्कोतिर विगतमै टुङ्गिसकेको चीनसँगकोसीमाकोप्रश्नमाएकतर्फी रूपमा छानबिन समिति बनाएको सरकारले समितिको प्रतिवेदनलाई गुपचुप राखेर छिमेकी राष्ट्रसँगको सम्बन्धमा आशङ्का र अविश्वास पैदा गर्ने काम गरिरहेको छ भने अर्कोतिर एमसीसी जस्तो राष्ट्रघाती एमसीसी सम्झौता पास गर्न सबथोक छाडेर दौडधूप गरिरहेको छ। राष्ट्रघाती छ भनेर आम रूपमा विरोध भइरहँदा पनि कांग्रेस एमालेको सहयोगमा एमसीसी पास गराउन कम्मर कसेर लागिपरेको छ। देउवा सरकारको चीनसँग सम्बन्ध चिसिदै जाँदा कुटनीतिक सम्बन्धमा गम्भिर असन्तुलन पैदा हुँदै गएको छ।

त्यसैगरी स्थानीय तह निर्वाचन ऐन, २०७३ मा कार्यकाल सकिनु दुई महिना अगावै निर्वाचन गर्नैपर्ने बाध्यकारी व्यवस्थालाई आफ्नो स्वार्थनुकूल व्याख्या गर्दै निर्वाचन आयोगले समेत यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै २०७९ वैशाख १४ मा स्थानीय तहको निर्वाचनको मिति तोक्न ताकेता गरिसकेको पृष्ठभूमिमा देउवा सरकारले ०८९ को फागुनमा तीनवटै तहको निर्वाचन एकैपटक गर्ने तयारी गरिरहेको छ।

देउवा सरकार महामारीको यो तेस्रो लहरमा गैरजिम्मेवार र निष्प्रभावी देखिएको छ। २४ लाखभन्दा बढी मात्रा खोप हराएको चरम गैरजिम्मेवार र लज्जास्पद अभिव्यक्ति सरकारी अधिकारीहरूले नै दिइरहेका छन्। एकातिर यति ठूलो मात्रामा खोप गायब पारिएको छ भने अर्कातिर भण्डारमा भएको खोपको सही वितरण हुन नसक्दा हजारौं नागरिकहरू खोपबाट बञ्चित बनिरहेका छन्। अरू त अरू, खोप लगाउन आवश्यक सिरिन्ज र अत्यन्त आधारभूत मानिएको औषधी सिटामोलसमेत उपलब्ध गराउन नसक्नुले सरकार कति गैरजिम्मेवार छ भन्ने स्पष्ट हुन्छ।

अर्कोतर्फ वर्तमान सरकारले अकारण स्वास्थ्य क्षेत्रको बजेट समेत कटौती गरी जनस्वास्थ्यको विषयमाथि खेलवाड गरिरहेको छ। २०७८ जेठ महिनामा प्रस्तुत बजेटमा रु. ६ अर्ब १५ करोड बिनियोजना गरिएकोमा वर्तमान सरकारले रु. १ अर्ब ५० करोड कटौती गरेको छ। वर्तमान सरकार कोभिड पीडित विरामीको उपचारका लागि खरिद गरिएको आइसीयु, एचडीयु तथा भेन्टिलेटरको भुक्तानीबाट समेत भाग्दै आम नागरिकलाई स्वास्थ्य सुविधा पुर्याउने दायित्वबाट विमुख हुँदै गएको छ।

उल्लेखित तथ्यांकहरूलाई मात्रै हेर्ने हो भने पनि देउवा नेतृत्वको सरकारले राष्ट्रहित र जनहितमा सिन्को भाँचेको छैन बरु उल्टै महामारीको बीचमा पटक पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर जनतालाई राहत होइन आहत दिइरहेको छ। देउवा सरकारको ६ महिने कार्यकालले व्यक्तिमा विकल्पको खोजी गर्ने सोच र मानसिकता एकपटक फेरि फेल आएको छ। र, सिंगो यो दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्था, सत्ता र संविधान नबदलिइ देश र जनताको हित रक्षा सम्भव छैन भन्ने तथ्यलाई पुष्टि र स्थापित गरेको छ।

## कोभिड–१९...

गइरहेको अवस्था छ। जनता एकातिर आर्थिक अभावको कारण लक्षण देखिएर पनि कोभिड परीक्षण गर्न सकिरहेका छैनन्। कोभिड पुष्टि भएकाहरू उपचार गर्न सकिरहेका छैनन्। अर्कातिर जनता अस्पताल तथा आइसोलेशनमा छटपटाइरहेका छन् तर राज्यका जिम्मेवार निकायहरू जुटेर होइन फुटेर एकअर्कामाथि दोष थोपरेर बसिरहेका छन्। यो परिस्थितिमा जनजीवनको रक्षाको निम्ति जनस्तरबाट पहल लिनु अत्यावश्यक भइसकेको छ।'

संसारका मजदुरहरु एक होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

**नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)**

*Communist Party of Nepal (Revolutionary Maoist)*

**जिल्ला समिति काठमाडौं**

*District Committee Kathmandu*

पत्र संख्या / Serial No. :-

मिति: २०७८।१०।०७

चलानी नं. / Regd. No. :-

### प्रेश वक्तव्य

**कोभिड-१९ विरुद्ध जुध्नको निम्ति अविलम्व सर्वपक्षीय संयन्त्र निर्माण गरियोस् !**

आज सिङ्गो मानव जाति नै विश्व व्यापीरुपमा फैलिरहेको कोभिड-१९ सँग जुधिरहेको अवस्थामा हामी नेपाली यसबाट अलग रहने कुरै भएन। हामीले बुझेकै कुरा हो महामारीले कुनै भूगोल, क्षेत्र, जाति, लिङ्ग, उमेर र विचार, राजनीतिको सिमाना राख्दैन। यो सबैतिर एकै रफ्तारले फैलिन्छ र मानव समुदायलाई नै ध्वस्त पर्दछ। यसको असर मानव समुदायका सबै ठाउँहरु जस्तै : आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा उत्तिकै पर्दछ। त्यसकारण मानव जातिले पनि ठिक त्यसरी नै कुनै भूगोल, क्षेत्र, जाति, लिङ्ग, उमेर तथा विचार राजनीतिको भेदभाव र सिमा नराखेर एकजुट भै त्यसको प्रतिरोध गर्नुपर्दछ। कोभिड-१९ को पहिलो र दोस्रो चरणको प्रभाव स्वरुप नेपाली जनजीवन आर्थिक रुपमा धरासायी बनेको अवस्था हो। यो स्थितिमा कोभिड बिरुद्धको सचेतना अभियान सञ्चालन गर्नु, आम नेपालीलाई सहज ढंगले खोप उपलब्ध गराउनु, निःशुल्क कोभिड परीक्षण र निःशुल्क उपचारको व्यवस्था गर्नु आजको पहिलो आवश्यकता हो। अवश्य देशको राजधानी हुनुको कारण काठमाडौं जिल्लामा अत्याधिक आवत-जावत र जनघनत्वको चाप बढी हुनु स्वभाविक हो। अत्याधिक आवत-जावत र जनघनत्व बढी हुनुकै कारण यहाँ महामारी तिब्र रुपमा फैलनु अस्वभाविक होइन। कोभिड-१९ को पहिलो र दोस्रो चरणमा जस्तै यो तेस्रो चरणमा पनि काठमाडौं कोभिड-१९ को हट्स्पट बन्दै गएको कुरा सर्वविद्दित नै छ। कोभिड-१९ को सामु काठमाडौंको जिल्ला प्रशासन र जनप्रतिनिधि मुलक संस्थाहरु निकम्मा र निस्प्रभावी बन्दै गैरहेको अवस्था छ। जनता एकातिर आर्थिक अभावको कारण लक्षण देखिएर पनि कोभिड परीक्षण गर्न सकिरहेका छैनन्। कोभिड पुष्टि भएकाहरु उपचार गर्न सकिरहेका छैनन्। अर्कातिर जनता अस्पताल तथा आईसोलेशनमा छटपटाई रहेका छन् तर राज्यका जिम्मवार निकायहरु जुटेर होइन फुटेर एक अर्कामाथि दोष थोपरेर बसिरहेका छन्। यो परिस्थितिमा जनजीवनको रक्षाको निम्ति जनस्तरबाट पहल लिनु अत्यावश्यक भैसकेको छ।

अत : हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्ला समितिले जिल्ला प्रशासन कार्यालय काठमाडौं, काठमाडौंका जन प्रतिनिधि मुलक संस्थाहरु लगायत यस बिषयमा राज्यका सरोकारवाला सबैलाई यसै बक्तव्य मार्फत कोभिड-१९ को यो तेस्रो लहर ओमिक्रोनसँग सामुहिक ढंगले लडेर समग्र जनजीवनको रक्षा गर्नका निम्ति एउटा काठमाडौं जिल्ला स्तरीय सर्वपक्षीय संयन्त्र निर्माण गर्नका लागि जोडदार माग गर्दछ। जनताको हितको निम्ति गरिएको हाम्रो जायज मागलाई वेवास्ता गरेर स्थिति भयावह भएमा सम्बन्धित पक्षले भोलि जनताको कठघरामा उभिएर जवाफ दिनुपर्नेछ। आशा छ हामी सबै एकढिक्का भएर कोभिड-१९ बिरुद्ध लड्नेछौं र जित हासिल गर्नेछौं। धन्यवाद।

क्रान्तिकारी अभिवादन सहित !

क अमर
सेक्रेटरी

क सरु
ईन्चार्ज

E-mail: cpnmaoistktm@gmail.com

## आलोपालो

# एमसीसी सम्झौता र राष्ट्रिय स्वाधिनताको प्रश्न


● खगेन्द्र छन्त्याल ●

***के हो एमसीसी ?***

सन् १९९०-९१ र २००१ मा भएको आर्थिक मन्दीले अमेरिकी अर्थतन्त्रलाई निक्कै नोक्शानी ग-यो ! सन् २००२ सम्म आउदा चिनियाँ आर्थिक बृद्दी दर ९ प्रतिशतले उक्लियो तर अमेरिकी आर्थिक बृद्दी दर केवल २ प्रतिशतले खुम्चियो ! यति वेला अफ्रिका,एशिया र ल्याटिन अमेरिकाका देशहरूमा चिनिया लगानी ब्यापक बिस्तार भयो ! खास गरि अफ्रिकी महादेशमा चिनिया लगानीको बिस्तार भयो ! तर अमेरिकी लगानी निक्कै साघुरियो ! यो अवस्थामा अमेरिकाले चिनियाँ लगानीका प्रभावलाई नियन्त्रण गर्न आवस्यक महशुस ग-यो ! तर अमेरिका संग भएका बिधमान कुनैपनि आर्थिक संरचनाहरू चिनियाँ आर्थिक प्रभावलाई टक्कर दिने तथा नियन्त्रण गर्न सक्ने स्थितिमा थिएनन् ! यहि सेरोफेरोमा एमसीसी (मिलियन च्यालेन्ज कर्पोरेशन) को परिकल्पना भयो ! तत्कालिन अमेरिकी रास्ट्रपति जर्ज बुशले सन् २००२ मा नै एमसीसी सम्बन्धि कार्यक्रमको घोषणा गरेतापनि अमेरिकी कंग्रेसले यसलाई सन् २००४ मा मात्र पारित ग-यो र सोहि अनुसार यसको स्थापना गरियो ! बाहिरी रूपमा आर्थिक बिकास मार्फत गरिवी न्यूनीकरणको उद्देस्य रहेतापनि भित्रि रूपमा जहा चिनको आर्थिक लगानी र प्रभाव बिस्तार हुदैछ ति ठाउहरूमा अवरोध शिर्जना गर्ने यसको उद्देस्य बन्यो ! गरिवी न्यूनीकरणको निम्ति भनियतापनि गरिव मुलुकलाई सहजै सहयोग गर्ने एमसीसीको प्रावधान छैन ! कुनै दिन अमेरिकाले नाकाबन्दी गरेको तथा अमेरिकाले व्याख्या गरेजस्तो प्रजातन्त्र नभएको मुलुकलाई एमसीसीले सहयोग गर्न नमिल्ने शर्तहरू राखिएका छन् ! साथै नवउदारवादी अर्थव्यवस्था नअंगालेका मुलुकलाई पनि यसले सहयोग नगर्ने शर्तहरू उल्लेख गरिएकाछन !

***'ईण्डो-प्यासिफिक रणनीति'सँग एमसीसीको सम्बन्ध***

सोभियत संघको पतन पछि करिव एकदशक सम्म एक्लो दादागिरीको रूपमा देखिदै आएको अमेरिकाको निम्ति चिन चुनौतिको रूपमा देखा पर्नथाल्यो ! अर्थतन्त्र र सैन्यशक्तिमा चिन सवै भन्दा शक्तिशाली रास्ट्रको रूपमा उदय हुनथाल्यो ! अव अमेरिकाले चीनलाई आर्थिक क्षेत्रमा मात्र रोक्न सम्भव भएन राजनैतिक र सामरिक क्षेत्रमा पनि रोक्नु पर्ने भयो ! यसैको फलस्वरूप सन् २०१७ मा जन्म भयो 'ईन्ड़ो प्यासिफिक रणनीति ' ! वास्तवमा ईन्ड़ो प्यासिफिक क्षेत्रका देशहरू प्रति अमेरिकाले अपनाउने नीतिलाई नै ईन्ड़ो प्यासिफिक रणनीति भनिन्छ ! राजनीतिक कार्यक्रम अन्तर्गत पश्चिमा परिभाषाको 'प्रजातन्त्र' अर्थात् उदारवादी प्रजातन्त्रको रक्षा र प्रवर्द्धन गर्ने । यस अन्तर्गत उसले पुजिवाद बिरोधि प्रगतिशील तथा क्रान्तिकारी शक्तिलाई दमन गर्न चाहन्छ !

आर्थिक कार्यक्रममा नवउदारवादी अर्थव्यवस्थाको प्रवर्द्धन गर्ने र अमेरिकी पूँजीपतिका लागि सहज बजार निर्माण गर्ने ,अमेरिकी अर्थतन्त्रलाई शक्तिशाली बनाई राख्ने । विश्वबजारमा अमेरिकी पूँजीपतिका लागि सधै अवसर सिर्जना गरिरहने ! यस अन्तर्गत सन् २०४० सम्म इन्डो प्यासिफिक क्षेत्रमा सिर्जना हुने विशाल ऊर्जाबजार (विश्वबजारको ६० प्रतिशत ऊर्जा) अमेरिकाले आफ्नो नियन्त्रणमा राख्न चाहन्छ !

सामरिकरूपमा अमेरिकी हतियार बिक्री गर्नु,संयुक्त सैन्य अभ्यासको नाममा इन्डो प्यासिफिक क्षेत्रका सैन्य संयन्त्र कब्जा गर्नु उसको लक्ष हो ! यस अन्तर्गत हाल 'युएस इन्डो प्यासिफिक कमान्ड' अन्तर्गत ३ लाख ७५ हजार अमेरिकी सेना यो क्षेत्रमा प्रत्यक्ष कार्यरत छन् र यो संख्यालाई बढाउने प्रयास भइरहेको छ । साथै सैन्य शक्तिको प्रयोग गरेरै भयपनी चीनलाई महाशक्ति बन्नबाट रोक्नु पनि इन्डो प्यासिफिक रणनीतिको अर्को सामरिक लक्ष हो ! यस अन्तर्गत इन्डो प्यासिफिक क्षेत्रका मुलुकहरूका रणनीतिक र सामरिक महत्वका ठाउँहरूमा नियन्त्रण जमाउनु उसको पहिलो काम हो ! स्वभाविकैरूपले नेपाल चीनसँग *बाँकी ४ पेजमा*

# काठमाडौं मेडिकल कलेजले मनोमानी शुल्क लिएको भन्दै आन्दोलनरत विद्यार्थी संगठनहरूले लगाए प्रशासनमा ताला

काठमाडौं । काठमाडौं मेडिकल कलेजले मनोमानी ढंगले शुल्क असुलेको विरोधमा प्रदर्शनमा उत्रिएका सात विद्यार्थी संगठनले आइतबार मेडिकल कलेजको प्रशासनमा ताला लगाएका छन् । प्रदर्शनमा उत्रिएका विद्यार्थीहरूले राजधानीको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजअगाडि टायरसमेत बालेर विरोध प्रदर्शन गरेका थिए । शुल्कको विवाद नसुल्झाई भर्ना प्रक्रिया रोक्न चेतावनी दिए पनि कलेज प्रशासनले अटेर गरेको आन्दोलनरत विद्यार्थीहरूले बताएका छन् ।

कलेज प्रशासनहरूले शुल्क व्यवस्थापन नगरेसम्म आन्दोलन निरन्तर अघि बढाइरहने अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलसहितका विद्यार्थी संगठनहरूका नेताहरूले चेतावनी दिएका छन् । अब आउने दिनमा अझै आन्दोलन कडा बनाएर अगाडी बढ्ने अध्यक्ष गजुरेलले बताउनु भयो । शिक्षा र स्वास्थ्यका माफियाहरूलाइ जहिलेसम्म सरकारले संरक्षण गर्छ त्यति बेलासम्म यस्ता समस्या आइरहने अध्यक्ष गजुरेलले बताए ।

त्यस्तै आन्दोलनरत विद्यार्थी संगठनहरूमा वैद्य माओवादी निकट अखिल (क्रान्तिकारी) , नेविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारी, समाजवादी विद्यार्थी युनियन, अखिल छैंटौ, नेपाल विद्यार्थी युनियनलगायत विद्यार्थी संगठनहरूले मेडिकल कलेजहरूले केही महिनायता जथाभावी शुल्क असुलेको भन्दै विरोध गरिरहेका छन् ।


## जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं,
- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।